आज मिति २०८२।०७।२१ गते शुक्रवारका दिन ४:०० बजे यस शहिदनगर नगरपालिका नगर प्रमुख श्री दिनेश प्रसाद यादव ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल अनुसारको प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमको निर्णय गरियो।

देहाय

| सि.नं. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री दिनेश प्रसाद यादव | नगर प्रमुख | श.न.पा-१ | |
| २ | श्री सुनिता कुमारी सिंह | नगर उप प्रमुख | श.न.पा-६ | |
| ३ | श्री तेजिलाल यादव | वडा अध्यक्ष | श.न.पा-१ | |
| ४ | श्री सतेन्द्र कुमार चोरवार | वडा अध्यक्ष | श.न.पा-२ | |
| ५ | श्री मनोज कुमार दास | वडा अध्यक्ष | श.न.पा-३ | |
| ६ | श्री सरिता कुमारी मंडल | का.पा.सदस्य | श.न.पा-३ | |
| ७ | श्री सेहन्ति कुमारी राम | का.पा.सदस्य | श.न.पा-३ | |
| ८ | श्री रमेश मुखिया | वडा अध्यक्ष | श.न.पा-४ | |
| ९ | श्री रिंकु देवी पासमान | का.पा. सदस्य | श.न.पा-४ | |
| १० | श्री सुरेश कापर | वडा अध्यक्ष | श.न.पा-५ | |
| ११ | श्री उमेश कुमार निराला | वडा अध्यक्ष | श.न.पा-६ | |
| १२ | श्री शिव सति देवी | का.पा.सदस्य | श.न.पा-६ | |

| | | | | |
|---|---|---|---|---|
| | श्री महेश्वर मंडल | वडा अध्यक्ष | श.न.पा-७ | |
| | श्री तनुकलाल कुसियैत | वडा अध्यक्ष | श.न.पा-८ | |
| | श्री कला देवी दास | का.पा.सदस्य | श.न.पा-८ | |
| ६ | श्री शिव कुमार खेडवार यादव | वडा अध्यक्ष | श.न.पा-९ | |
| ७ | श्री कन्हैया मुखिया | का.पा.सदस्य | श.न.पा-४ | |
| ८ | श्री राम सेवक साह | का.पा.सदस्य | श.न.पा-७ | |
| | श्री संगिता कुमारी दास | का.पा.सदस्य | श.न.पा-८ | |
| | श्री अनिल कुमार झा | सदस्य सचिव | श.न.पा | |

**ताव नम्बर १:- संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M Survey) प्रतिवेदन मस्यौदा, २०८२ म्बन्धमा।**

**र्णय नम्बर:-१** प्रस्ताव नम्बर १ माथि छलफल गर्दा यस शहीदनगर नगरपालिकाको कार्यालयमा, वडा कार्यालय, ास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुको दरवन्दीलाई उपयुक्त आकारमा ल्याउन आवश्यकता देखिएकोले ालको सेवाप्रवाहको अवस्थालाई जिम्मेवारी पूर्ण बनाउने उदेश्यले यस नगरपालिकाको लागि **संगठन तथा वस्थापन सर्भेक्षण (O and M Survey) प्रतिवेदन मस्यौदा, २०८२** को साथै नगरपालिका अन्तर्गत रहेको ाकृत दरबन्दीसमेत पारित गर्ने निर्णय गरियो।

# शहिदनगर नगरपालिकाको

# संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M Survey) प्रतिवेदन

२०८२

(मस्यौदा)

प्रस्तुतकर्ता

शताब्दी रिसर्च सेन्टर प्रा.लि.

काठमाडौं १०

शहिदनगर नगरपालिकाको

# संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M Survey) प्रतिवेदन

२०८२

(मस्यौदा)

प्रस्तुतकर्ताः

शताव्दी रिसर्च सेन्टर प्रा.लि.

काठमाडौं १०

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

# विषय सूची

परिच्छेद: एक परिचय ....................................................... १

१.१ विषय प्रवेश ....................................................... १

१.२ अध्ययनको उद्देश्य ....................................................... १

१.३ संगठन संरचना तथा दरबन्दी पुनरावलोकनको औचित्य ....................................................... ३

१.४ संगठन संरचना तथा दरबन्दी पुनरावलोकनका सिद्वान्त ....................................................... ३

१.५ अध्ययन विधि ....................................................... ३

१.६ अध्ययन प्रतिवेदनका सीमा ....................................................... ४

परिच्छेद : दुई नगरपालिकाको विद्यमान अवस्था ....................................................... ५

२.१ शहिदनगर नगरपालिकाको भौगोलिक अवस्था तथा रहन सहन ....................................................... ५

२.२ जनसंख्या तथा घर परिवार वितरण ....................................................... ६

२.३ शिक्षाको अवस्था ....................................................... ७

२.४ कार्यक्षेत्रको सिमाङकन ....................................................... ७

२.५ नगरपालिकाको संवैधानिक र कानूनी व्यवस्था ....................................................... ९

२.६ नगरपालिकाको कार्य प्रकृति तथा कार्यवोझ ....................................................... १२

२.७ शहिदनगर नगरपालिकाको आय तथा व्ययको अवस्था ....................................................... १४

परिच्छेद : तीन विद्यमान संगठन संरचना तथा दरवन्दी विवरण ....................................................... १६

३.१ विद्यमान संगठन संरचना ....................................................... १६

परिच्छेद : चार प्रस्तावित संगठन संरचना तथा दरबन्दी ....................................................... २४

४.१ मौजुदा संगठन संरचना र दरबन्दी परिमार्जनका आधार ....................................................... २४

४.२ प्रस्तावित संगठन संरचना ....................................................... २५

परिच्छेद: पाँच निश्कर्ष तथा सुझाव ....................................................... ३४

सुझावः ....................................................... ३५

परिच्छेद : ६ कार्य विवरण ....................................................... ३७

१. प्रमुख प्रशासकीय अधिकृत ....................................................... ३७

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

२. प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख ........ ४१

२.१ प्रशासन उपशाखा प्रमुख ........ ४३

२.२ राजस्व उपशाखा प्रमुख ........ ४५

२.४ कानून उपशाखा प्रमुख ........ ५०

२.५ सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई प्रमुख ........ ५१

३. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन प्रमुख ........ ५१

४. पूर्वाधार विकास शाखा प्रमुख ........ ५३

४.१ सडक सिंचाइ तथा अन्य पुर्वाधार उपशाखा प्रमुख ........ ५४

४.२ शहरी विकास, भवन, घर नक्सा तथा वस्ती विकास उपशाखा प्रमुख ........ ५५

४.३ वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन इकाइ प्रमुख ........ ५७

५. सामाजिक विकास शाखा प्रमुख ........ ५९

५.१ स्वास्थ सेवा प्रवर्धन तथा नियमन उपशाखा ........ ६०

५.२ जनस्वास्थ परिवार कल्याण रोग नियन्त्रण ........ .६१

५.३ महिला, बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख ........ ६६

५.४ सामाजिक परिचालन तथा गैसस समन्वय उपशाखा प्रमुख ........
६४८

६ शिक्षा युवा तथा खेलकुद बिकास ........ . ६९

६.१ शिक्षा युवा खेलकुद तथा बिद्यालय प्रशासन प्रमुख ........ ७०

६.२ बिद्यालय प्रशासन उपशाखा प्रमुख ........७१

७ आर्थिक विकास शाखा ........ ७२

७१ कृषि बिकास शाखा प्रमुख ........ ७३

७२ पशु बिकास शाखा प्रमुख ........ ७४

८ आर्थिक प्रशासन शाखा ........ ७२

९ आन्तरिक लेखा परिक्षण शाखा ........ ७४

अनुसूचि

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

सन्दर्भ सामग्री

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

# परिच्छेदः एक

# परिचय

## १.१ विषय प्रवेश

नेपालको संविधान बमोजिम मुलुक संघीय संरचनामा रूपान्तरण भए पछि साविकको प्रशासनिक संरचनालाइ संघीय प्रणाली अनुरूप पुन:संरचना गर्ने सिलसिलामा नेपाल सरकार (मन्त्रिपरिषद) बाट सबै स्थानीय तहहरुको संगठन संरचना तथा दरबन्दी स्वीकृत हुँदा शहिदनगर नगरपालिकाको पनि नयाँ संगठन संरचना सहित ४७ जनाको दरबन्दी स्वीकृत भएको देखिन्छ। त्यसै गरी यस नगरपालिका नगर कार्यपालिकाको बिभिन्न मितिमा गरिएको निर्णय अनुसार विभिन्न पद स्वीकृत भए पनि प्रदेश सरकार निजामती किताव खानामा दर्ता हुन बाँकी रहेको देखिन्छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संघीय, प्रादेशिक नीति, कानून तथा शहिदनगर नगरपालिकाले अंगिकार गरेको दीर्घकालिन सोंच, लक्ष्य, उद्देश्य, नीति र कानून बमोजिम नगरबासीलाई संविधान तथा संघीयाताको मर्म, व्यवस्था र प्रावधान अनुरूप समृद्धि तथा सुशासनको अनुभूति हुने गरी सार्वजनिक सेवाप्रबाहको अपेक्षा गरिएको छ ।

नगरपालिकाबाट प्रदान हुने सार्वजनिक सेवाप्रबाहलाई थप सरल, सहज, पारदर्शी तथा नतिजामुखी बनाउन विभिन्न नीतिगत, कानूनी र प्रक्रियागत सुधार हुँदै आएकोछ । नेपालको संविधानको अनुसूची ८ र ९ बाट प्रदत्त स्थानीय तहको एकल तथा साझा अधिकार, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित अन्य कानून तथा नीति बमोजिम नगरपालिकाले गर्नु पर्ने कार्य, कार्यवोझ, कार्य प्रकृति, विद्यमान अवस्था नगरपालिकाको सोंच, लक्ष्य, नीति, आवश्यकता, प्राथमिकता, संभावना, चुनौति र अवसर समेतको अध्ययन/विश्लेषण र मुल्याङकन गरी नगरपालिकाको मौजुदा संगठन संरचना तथा दरबन्दी पुनरावलोकन गर्न संगठन संरचना तथा दरबन्दीलाइ उपयुक्त आकारमा ल्याउन आवश्यक देखिएकोले हालको सेवाप्रबाहको अवस्था कार्यजिम्मेवारी तथा कार्यक्षेत्र समेत एकिन गरी परामर्शदाता मार्फत संगठन तथा व्यवस्थापन सर्भेक्षण (O and M Survey) गरी प्रतिवेदन पेश गर्न नगरपालिका र परामर्शदाता बिच २०८१।१२।१५मा भएको संझौता अनुरुप तोकिएको कार्यजिम्मेवारी पुरा गर्न नगरपालिकका प्रमुख, उपप्रमुख सहित सरोकारवालाहरु संग कार्यशाला, छलफल, बैठक एबं स्थलगत अवलोकन लगायतका प्रक्रिया पुरा गरी शहिदनगर नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय (९) स्वास्थ्य चौकी (८) प्राथमिक स्वास्थ्य केन्द्र (१) समेतको प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

नेपालको संविधान जारी भई संघीयता लागू भए पश्चात स्थानीय तहलाइ नागरिकको सर्वोपरी हित तथा समृद्धिको क्षेत्रमा महत्वपूर्ण कार्य जिम्मेवारी प्रदान गरिएको छ। संघीयताको मूल मर्म भनेकै

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

नागरिकलाई निकटबाट प्रभावकारी सेवाप्रबाह गर्नु अर्थात नागरिक सरकारी सेवा सुबिधाको लागि अड्डा अड्डामा धाउने होइन कि सरकारले जनताको घरदैलो वा नागरिकलाइ पायक पर्ने स्थानबाट सेवा प्राप्तिको अवसर सुनिश्चित गर्नु हो, नागरिकमैत्री सरकारको अनुभूति दिनु हो।त्यसैले संघीयतामा सन्निकटताको सिद्वान्त लाइ बढी महत्व दिइएको हुन्छ । नागरिकका प्रत्यक्ष सरोकार राख्ने विषयहरू संघ र प्रदेशसँग भन्दा बढि स्थानीय तहसँग जोडिएका हुन्छन ।स्थानीय तहलाई सबल, सक्षम, सुदृढ र विश्वसनीय बनाउदै लैजान आवश्यक छ।स्थानीय तहबाट प्रदान हुने सार्वजनिक सेवालाइ अझ बढी विश्वसनीय र गुणस्तरीय बनाउन संगठन संरचना र जनशक्ति व्यवस्थापनको अहम महत्व रहन्छ । त्यसैले स्थानीय तहको कार्यक्षेत्र, जिम्मेवारी, आवश्यकता, नागरिकको माग र आवश्यकतालाइ मध्यनजर गरी चुस्त दुरूस्त संगठन र सेवाग्राही मैत्री कुशल र दक्ष जनशक्ति परिचालन गर्नु पर्ने हुन्छ ।यसको लागि समय समयमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सो को आधारमा संगठन तथा दरबन्दीलाइ अध्यावधिक गरी उपयुक्त आकारमा राख्ने गरी पुनरावलोकन गर्नु पर्ने हुन्छ। मुख्यत नगरपालिकाको निर्दिष्ट उद्देश्य हासिल गर्न आवश्यक पर्ने संगठन संरचना, दरबन्दी संख्या तथा पद अनुसारको काम, कर्तव्य र जिम्मेवारी निर्धारण सम्बन्धमा अध्ययन गर्नु यस सर्भेक्षणको उद्देश्य रहेका छन ।

क. नेपालको संविधान तथा प्रचलित अन्य कानूनले स्थानीय तहलाइ निर्दिष्ट गरेको अधिकार तथा कार्य जिम्मेवारीहरूको विश्लेषण गर्ने,

ख. शहिदनगर नगरपालिकाको जिम्मेवारीमा पर्ने समग्र कामको कार्य विश्लेषण तथा विद्यमान सार्वजनिक. सेवाप्रबाहको अवस्थाको विश्लेषण गर्ने,

ग. नगरपालिकाको कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू, आधारभूत स्वास्थ्य केन्द्रहरूको मौजुदा संगठन संरचनाको विश्लेषण तथा मुल्याङकनको आधारमा उपयुक्त संगठन संरचनाको खाका प्रस्ताव गर्ने,

घ..नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य चौकी को कार्यविश्लेषण, प्रस्तावित संगठन संरचना र कर्मचारी व्यवस्थापनका आधारभूत मान्यता अनुरूप आवश्यक पद तथा दरबन्दी प्रस्ताव गर्ने,

ङ. नगरपालिकाको प्रस्तावित दरबन्दी अनुसार प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख उपशाखा तथा इकाइ प्रमुख र माथी उल्लिखित मातहत कार्यालयको कार्यविवरण प्रस्ताव गर्ने,

च. शहिदनगर नगरपालिका,नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य चौकी, समेतको संगठन संरचना दरबन्दी तथा कार्यविवरण पुनरावलोकन गरी योजना कार्यान्वयन, सेवाप्रबाह तथा सुशासन अभिबृद्धि गर्न सुझाव पेश गर्ने ।

छ. वडाहरूको संगठन संरचना आवश्यक जनशक्ति पहिचान र जनशक्ति व्यवस्थापनको आधार तयार गर्ने ।

SHARADDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

## १.३ संगठन संरचना तथा दरबन्दी पुनरावलोकनको औचित्य

शहिदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू, समेतको मौजुदा संगठन संरचना तथा दरबन्दी पुनरावलोकनको औचित्य देहाय बमोजिम रहेको छ :

क शहिदनगर नगरपालिकाको संवैधानिक अधिकार, नगरपालिकाको दीर्घकालिन सोच, प्रचलितकानून बमोजिमको कार्य जिम्मेवारी, नगरवासीको अपेक्षा, आवश्यकता, राजश्व क्षमता, खर्चको आकार, कार्यविश्लेषण र कार्यबोझ अनुरूप उपयुक्त आकार र स्वरूपमा आउने,

ख शहिदनगर नगरपालिका र माथी उल्लिखित कार्यालयहरूमा आवश्यक पर्ने कर्मचारीको किसिम तह र संगठन वीच तालमेल मिलाइ आवश्यक संगठन र दरबन्दी कायम हुने, अनावश्यक संगठन र दरबन्दी कटौति वा मिलान वा समायोजन हुने,

ग. शहिदनगर नगरपालिका र उल्लिखित मातहत निकायबाटबाट प्रदान हुने सार्वजनिक सेवालाई थप गुणस्तरीय, विश्वसनीय र प्रभावकारी बनाउन प्रविधिमैत्री, छरितो, चुस्तदुरुस्त संगठन र स्वस्फुर्त परिचालित तथा उत्प्रेरित हुने गरी कर्मचारी व्यवस्थापन हुने,

घ. दरबन्दी, कार्यरत जनशक्ति, कामको गुणस्तर, समय र लागत प्रभावकारिताको मुल्याङ्कन हुने र

ङ. अनावश्यक संगठन तथा दरबन्दी कटौति भई वचत हुने प्रशासनिक खर्च नगरपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा खर्च गर्न सकिने र कर्मचारीको सेवा सुविधा बढाउन सकिने ।

## १.४ संगठन संरचना तथा दरबन्दी पुनरावलोकनका सिद्धान्त

क. कार्य प्रकृति र कार्यबोझ

ख. संगठनात्मक संरचना तथा कार्यविवरणको आधारमा जनशक्ति

ग. संगठन र दरबन्दीको तादाम्यता तथा कार्यचाप र दरबन्दीको सन्तुलन,

घ. सार्वजनिक सेवाप्रबाहको सुनिश्चितता

ङ. प्रत्येक पदको हप्तामा ४० घण्टाको कार्यवोझ

च कामको गुणस्तर, समयको वचत र लागतको मितव्ययिता,दक्षता र प्रभावकारिता

छ. दरबन्दीलाइ उपयुक्त स्वरूप र आकारमा ल्याइ कर्मचारीको क्षमता विकास, प्रोत्साहन व्यवस्था र सेवा सुविधामा बृद्धि,

ज. भौगोलिक विकटता/सहजता, जनसंख्या, लक्षित समूहको उपस्थिति/बाहुल्यता, भौतिक पुर्वाधार तथा सुविधाको पहुँच, सूचना तथा संचार प्रविधि (ICT) को प्रयोगको सहजता,

## १.५ अध्ययन विधि

शहिदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय लगायत उल्लिखित इकाइहरूको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न देहाय बमोजिम विधि अवलम्बन गरिएको थियो ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

क.शहिदनगर नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, शाखा/उपशाखा प्रमुखहरू सहितको सहभागितामा कार्यशाला आयोजना गरी राय सुझाव संकलन,

ख. नगरपालिकासँग सम्बन्धित नीति कानून लगायतका सन्दर्भ सामग्रीहरूको अध्ययन,

ग. शहिदनगर नगरपालिका अन्तरगत रहेका स्वास्थ्य चौकी पदाधिकारी/ कर्मचारीहरूसँग छलफल,

घ. शाखा प्रमुख तथा वडाध्यक्षहरूसँग छलफल,

ङ. स्थलगत अवलोकन छलफल तथा अन्तरक्रिया र

च. विद्यमान संगठन संरचना, दरबन्दी र कार्यरत जनशक्तिको अवस्था बिश्लेषण

## १.६ अध्ययन प्रतिवेदनका सीमा

शहिदनगर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी अध्ययन कार्यको सीमा देहाय बमोजिम रहेका छन् ।

- प्रस्तुत प्रतिवेदन नगरपालिकाको समग्र पक्षको अध्ययन प्रतिवेदन नभएर नगरपालिका र तोकिएका मातहत निकायहरूको मात्र संगठन संरचना, दरबन्दी र कार्य विवरणमा केन्द्रित रहेकोछ ।
- शहिदनगर नगरपालिकाका वडाहरूको भूगोल, जनसंख्या, सेवाको चाप, विकासको स्तर, क्षमता र सामाजिक सक्षमता आदि विषयमा विस्तृत नभइ सोको संक्षिप्त लेखाजोखा गरिएको छ ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

# परिच्छेद : दुई
# नगरपालिकाको विद्यमान अवस्था

## २.१ शहिदनगर नगरपालिकाको भौगोलिक अवस्था तथा रहन सहन




शहिदनगर नगरपालिका नेपालको मधेश प्रदेश अन्तरगत धनुषा जिल्लाको दक्षीण भागमा अवस्थित एक सुन्दर नगरपालिका हो ।वि.सं.२०७३ सालमा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयले ७५३ स्थानिय तह लागु गर्दा धनुषा जिल्ला साविकका बालाबाखर,चोराका यलपुर,यदुकुहा, नन्नुपट्टि, खरीहानी, पचहर्वा, हट्टीपुर हरवाडा, धवौली, विसरभोरा र गोठकोयलपुर गा.वि.समितीहरुलाइ समायोजन गरेर शहिदनगर नगरपालिका बनाएकको हो।यस नगरपालिकाको कुल क्षेत्रफल ५७.३७ कि.मी. रहेको र राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाका कुल जनसंख्या ५३,८१२ रहेको छ । यस नगरपालिकाको पुर्वमा कमला नगरपालिका, पश्चिममा हंसपुर नगरपालिका र औरही गाउँपालिका उतरमा सबैला नगरपालिका दक्षीणमा विदेह नगरपालिका र कमला नगरपालिका रहेको छ ।यस नगरपालिकामा हिन्दु र मुस्लिम धर्मावलम्वि हरुको बाहुल्यता रहेको छ । यस गाउंपालिकाको केन्द्र साविकको यदुकुवा गाबिसमा रहेको र पालिकाको आफ्नो भवन निर्माण कार्य अन्तीम अवस्थामा पुगेको छ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

२०७८ को जनगणना अनुसार शहिदनगर नगरपालिकामा बस्ने बासिन्दाहरु मध्ये यादव जातीको बाहुल्यता रहेको छ ।यसका अतिरिक्त ब्रम्हाण भूमिहार, मुश्लिम, सुडी धानुक,पासवान, तत्मा, कुर्मी, खत्वे, तेली, मुसहर, चमार, हरिजन तथा कोइरी, दुसाद, पासवान लगायतका जातीहरुको बसोबास रहेको छ। यस पालिकामा मैथीली मुख्य भाषाको रुपमा बोलिन्छ । यसका साथै अवधी, भोजपुरी र नेपाली भाषा बोलिन्छ।दशै, तिहार,छठ, कृष्ण जन्माष्टमी तीज, होली पुर्णिमा, यहाँका प्रमुख चाडपर्व हुन् ।

यस पालिकाका बासिन्दाहरुको मुख्य पेशा कृषि र पशुपालन व्यवसाय अपनाएको पाइन्छ । धान, गहुँ, मकै, तोरि, दाल्, केराउ, सिमि, बोडि, फर्सि, कात्रों, कुखुरा. माछा र हांसपालन यांहाका मुख्य उत्पादन हुन, साथै उत्पादित बस्तुको बजार स्थानीय बजार र नजिकमा रहेको सिमा बजारक्षेत्र रहेको र प्रदेशको राजधानी समेतमा पुर्याउन सकिने हुदा बजारको ठूलो समस्या देखिदैन ।

## २.२ जनसंख्या तथा घर परिवार वितरण

नेपालका अधिकांस जिल्ला तथा स्थानीयतहको जनसंख्या बृद्बिदर नकरात्मक अर्थात घट्दै गइरहेको भए पनि शहिदनगर नगरपालिकाको जनसंख्या भने बृद्धिदर बढ्दै गएको देखिन्छ । जनगणना २०६८ अनुसार यस नगरपालिकाको जनसंख्या ४८६८० र घरधुरी संख्या १०७०४ रहेकोमा २०७८को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ५३८१२ रहेको देखिन्छ साथै घर धुरी संख्या ११९२४ रहेको छ । यसबाट यस नगरपालिकामा घरधुरी तथा जनसंख्या दुबै बढेको देखिन्छ । धनुषा जिल्लाको सिमा क्षेत्रको ब्यापारिक केन्द्र कोरुपमा विकसित शहिदनगर नगरपालिकामा अन्यत्रका स्थानीय तहबाट बसाइसराइ गरी आउने तथा शहरी केन्द्र भएको कारणबाट जनसंख्या बढ्दै गएको देखिन्छ ।यस नगरपालिकाको बार्षिक जनसंख्या बृद्धिदर १.४१ प्रतिशत रहेको छ ।

**वडागतरुपमा रहेको जनसंख्या विवरण**

**तालिका नम्बर १**

| वडा नम्बर | घरधूरी संख्या | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | १८११ | ८७७६ | ४४२५ | ४४५१ |
| २ | १०६२ | ५२६६ | २६२० | २६४६ |
| ३ | १५५२ | ७६३३ | ३७४९ | ३८८४ |
| ४ | १०६७ | ५३५६ | २५८३ | २७७३ |
| ५ | ८८७ | ४१९२ | २०३१ | २१६१ |
| ६ | ९६४ | ४५५० | २२०१ | २३४९ |
| ७ | १६८८ | ८३०२ | ४००७ | ४२९५ |
| ८ | ११५२ | ५३७४ | २६०५ | २७६९ |
| ९ | ९४१ | ४३६३ | २०८७ | २२७६ |
| जम्मा | ११९२४ | ५३८१२ | २६२०६ | २७६०५ |

श्रोत : राष्ट्रिय जनगणना २०७८

## २.३ शिक्षाको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको साक्षरता दर ५७.८ प्रतिशत रहेको छ जसमा पुरुष ६८.४ र महिला ४८.१ प्रतिशत रहेको छ । धनुषा जिल्लाको कूल साक्षरता दर ६५.२ र पुरुष ७४.६ प्रतिशत तथा महिला ५६.१ प्रतिशत रहेको तथ्यांक हेर्दा पछाडी रहेको देखिन्छ। शिक्षानै समाजको चेतना बिकास गर्ने आधार भएकोले यस शहिदनगर नगरपालिकामा आधारभुत र समुदायिक गरि २८ तथा निजी १६ गरि ४४ एवम् मध्यमिक४ गरी कुल ४८ वटा विद्यालयहरू सन्चालनमा रहेका छन् । नगरपालिका सदरमुकामा एउटा क्याम्पस संचालनमा रहेको छ।

नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको अवस्था

तालिका नं २

| वडा | आधारभूत | | माध्यमिक | | क्याम्पस | जम्मा |
|---|---|---|---|---|---|---|
| | समुदायिक | निजी | समुदायिक | निजी | | |
| १ | ६ | १ | १ | | - | |
| २ | ४ | २ | - | | - | |
| ३ | ५ | ५ | १ | | १ | |
| ४ | २ | १ | १ | | - | |
| ५ | २ | - | - | | - | |
| ६ | ३ | १ | - | | - | |
| ७ | २ | ३ | १ | | - | |
| ८ | २ | १ | - | | - | |
| ९ | २ | २ | - | | - | |
| जम्मा | २८ | १६ | ४ | | १ | |

श्रोत नगरपालिका कार्यालय

## २.४ कार्यक्षेत्रको सिमाङकनका आधारहरु

नेपालको संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था भए पनि जनताको नजिक रहेर प्रतक्ष्य रूपमा नागरिकलाइ सेवाप्रबाह गर्ने सरकार स्थानीय तहनै हो । संविधानत कार्यपालिका, व्यवस्थापिका तथा न्यायिक कार्यको समेत जिम्मेवारी रहेको यस नगरपालिकाको कार्यक्षेत्रको विश्लेषण गर्दा देहायबमोजिम आधारहरू लिइएकोछ :

SHARADI RESEARCH CENTER PVT. LTD., KATHMANDU

### २.४.१ नगरपालिकाको कार्य जिम्मेवारीको श्रोतको पहिचान

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित कार्यजिम्मेवारीहरू,
- नेपालको संविधानको अनुसूची ५ र ६ उल्लिखित संघ र प्रदेशको एकल अधिकार सूचीबाट निक्षेपित भई स्थानीयतहको जिम्मेवारीमा आउने कार्यहरू,
- नेपालको संविधान बमोजिम मौलिक हक अन्तरगतका कार्यहरू,
- राज्यका नीति तथा निर्देशक सिद्वान्त अन्तरगतका कार्यहरू,
- संघमा रहेको अवशिष्ट अधिकार अन्तरगतबाट स्थानीय तहलाई आउने जिम्मेवारीहरू,
- संघ प्रदेश र स्थानीय तह वीच समन्वय तथा सहकार्यमा गरिने कार्यहरू,
- संघ र प्रदेशको आग्रहमा गरिने कार्यहरू,
- अन्तरराष्ट्रिय सन्धि/सम्झौता तथा समझदारीबाट सृजित दायित्व अनुरूप स्थानीय तहबाट गरिने कार्यहरू

### २.४.२ नगरपालिकाको कार्य विश्लेषणको सैद्वान्तिक आधार

नेपालको संविधान र प्रचलित कानून बमोजिम स्थानीय तहलाई तोकिएको कार्य जिम्मेवारीलाई संघीयताको सिद्वान्त तथा मर्म अनुरूप विश्लेषण गरिनु पर्दछ । नेपाल सरकारले नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको कार्यविस्तृतिकरण गर्दा देहायका सिद्वान्तलाई आधार बनाइएकोछ ।

**क. सन्निकटता :**

संघीयताको मूल मर्म भनेको सरकारले नागरिकलाई सरकार नजिकै रहेको अनुभूति र प्रत्याभूति दिलाउनु हो । नेपालको सन्दर्भमा भन्दा सिंहदरबार स्थानीय तह सम्म पुर्याउनु हो । स्थानीय सरकार जनताको नजिक रहने हुँदा संघर प्रदेश सरकारले स्थानीय तहसँग बढि भन्दा बढि सहकार्य र समन्वय गर्नु पर्दछ ।

**ख. दक्षता/कुशलता :**

स्थानीय तहबाट प्रदान हुने सार्वजनिक सेवाको कुशलता विगतको भन्दा थप प्रभावकारी देखिनु पर्दछ । नागरिकले नगरपालिकाबाट प्रदान भईरहेको सेवाको दक्षता वा कुशलता पहिलेको भन्दा उत्कृष्ट रहेको अनुभूति गर्न पाउँनु पर्दछ ।

**ग. प्रभावकारिता :**

सार्वजनिक प्रशासनलाई बढि प्रभावकारी बनाउन कार्य जिम्मेवारी सहितको कार्यविश्लेषण र जवाफदेहिता आवश्यक हुन्छ ।

**घ. मितव्ययीता :**

कार्य जिम्मेवारी तथा कार्य विवरण निर्धारण गर्दा प्रति इकाइ लागत तथा प्रभावकारिता हेरिनु पर्दछ । कतिपय कार्यहरू सरकार आफैले मात्र गर्दा भन्दा निजिक्षेत्र वा अन्य सम्बन्धित

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

साझेदारबाट वा सहकार्य वा समन्वयमा गर्दा राम्रो हुन सक्छ । एउटा विश्वविद्यालय वा अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन निजिक्षेत्रको साझेदारीमा पनि सञ्चालन गर्न सकिन्छ । सार्वजनिक सेवाको जिम्मेवारी बाँडफाँड गर्दा आर्थिक दक्षता पनि ख्याल गर्नु पर्दछ। पाठ्यपुस्तक संघले व्यवस्थापन गर्दा उपयुक्त हुन सक्दछ । नगरपालिका भित्र औषधि खरिद गर्दा वडा कार्यालयले भन्दा नगरपालिकाले एकमुष्ट खरिद गर्दा प्रतिइकाइ लागत सस्तो पर्न सक्दछ।

### ङ. बाह्य प्रबाह :

स्थानीय तहहरू एक अर्कामा भौगोलिक, आर्थिक, सामाजिक तथा सास्कृतिक रूपमा जोडिएका हुन्छन्। नागरिकहरू पनि आपसमा जोडिएका हुन्छन् । एउटा स्थानीय तहमा भएको राम्रो अभ्यास वा सेवाको अनुकरणबाट अर्को स्थानीयका बासिन्दा पनि लाभान्वित हुन सक्छन्।स्थानीय तहको कार्य विश्लेषण गर्दा त्यस्ता अनुकरणीय सेवा वा अभ्यासको पनि पहिचान तथा विश्लेषण गर्नु पर्दछ ।

### च. समानता र समावेशी :

नगरपालिकाका सबै वडाहरूको भौगोलिक, आर्थिक, सामाजिक अवस्थामा अन्तर छ । नगरपालिकाले विभिन्न अवस्थाका वडाहरूमा बसोबास गर्ने विभिन्न वर्ग जाती समुदाय वा आर्थिक अवस्था भएका नागरिकलाई समानस्तरको अवसर प्रदान गर्ने र समान आयस्तरमा ल्याउँने जिम्मेवारी बर्दिवास नगरपालिकाको हो ।उदाहरणको लागि जनता आवास कार्यक्रमलाई लिन सकिन्छ ।

### छ. समष्टिगत आर्थिक स्थिरता :

मुलुकमा तीन तहका सरकार रहे पनि देशमा आर्थिक स्थरिता ल्याउने मुख्य जिम्मेवारी संघको मान्न सकिन्छ । स्थानीय तहले मुलुकको समग्र आर्थिक स्थितिमा निर्णायक योगदान गर्ने हैसियत रहदैंन । यस्ता विषयमा संघले सामयिक नीतिगत आवश्यक सुधार गर्नु पर्ने हुन सक्दछ ।

## २.५ नगरपालिकाको संवैधानिक र कानूनी व्यवस्था

नगरपालिकाको कार्यजिम्मेवारीको प्रमुख श्रोत भनेको नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, लगायत अन्य प्रचलित कानून र महानगरपालिका स्वयंले निर्माण गरेका नीति,योजना तथा कानूनहरू हुन । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची ९ मा उल्लिखित अधिकार संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची हो ।नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको कार्य विस्तृतिकरण (Unbundling) समेत गरेकोछ।नेपालको संविधानले स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार देहाय बमोजिम तोकेकोछ ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

क संविधानको अनुसूची ८ मा उल्लिखित स्थानीय तहको एकल अधिकार सूची

१. नगर प्रहरी,

२ . सहकारी संस्था,

३. एफएम सञ्चालन,

४ . स्थानीय कर (सम्पत्कर घर बहालकर घर जग्गा रजिष्ट्रेशन शुल्क सवारी साधन कर) सेवा शुल्क दस्तुर पर्यटन शुल्क विज्ञापन कर व्यवसाय कर भूमिकर (मालपोत) दण्ड जरिवाना मनोरञ्जन कर र मालपोत संकलन,

५. स्थानीय सेवाको व्यवस्थापन,

६ . स्थानीय तथ्याङक र अभिलेख संकलन,

७. स्थानीयस्तरका विकास आयोजना र परियोजनाहरू,

८ . आधारभूत र माध्यामिक शिक्षा,

९ . आधारभूत स्वास्थ्य र सरसफाई

१०. स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता,

११ . स्थानीय सडक ग्रामिण सडक कृषि सडक संचाइ,

१२ . नगरसभा जिल्लासभा स्थानीय अदालत मेलमिलाप र मध्यस्थताको व्यवस्थापन,

१३ . स्थानीय अभिलेख व्यवस्थापन,

१४ . घर जग्गा धनीपुर्जा वितरण,

१५ . कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन पशु स्वास्थ्य सहकारी,

१६ . जेष्ठ नागरिक अपाङगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन,

१७ . बेरोजगारहरूको तथ्याङक संकलन,

१८ . कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण,

१९ . खानेपानी साना जलविद्युत आयोजना वैकल्पिक उर्जा,

२० . विपद व्यवस्थापन,

२१ . जलाधार वन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण र

२२ . भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास

ख संविधानको अनुसूची ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची देहाय बमोजिम रहेको छ :

१. सहकारी,

२. शिक्षा खेलकुद र पत्रपत्रिका,

३. स्वास्थ्य,

४. कृषि,

५. विद्युत खानेपानी सिंचाइ जस्ता सेवाहरू,

६. सेवाशुल्क दस्तुर दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क,

SHATABDI RESEARCH CENTER PVT. LTD. KATHMANDU

७. बनजङ्गल वन्यजन्तु चराचुरूङगी जलउपयोग वातावरण पर्यावरण तथा जैविक विविधता,
८. खानी तथा खनिज,
९. विपद व्यवस्थापन,
१०. सामाजिक सुरक्षा र गरिबी निवारण,
११. व्यक्तिगत घटना जन्ममृत्यु विवाह र तथ्याङक,
१२. पुरातत्व प्राचीन समारक र संग्रहालय,
१३. सुकुम्बासी व्यवस्थापन,
१४. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र
१५. सवारी साधन अनुमति ।

संविधानको अनुसूचीमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारको सूची बाहेक संघको अवशिष्ट अधिकार कार्यान्वयन गर्न बन्ने कानूनमा पनि लागत, दिगोपना र प्रभावकारिताको दृष्टिले स्थानीय तहकै जिम्मेवारीमै आउँन सक्ने देखिन्छ ।

### २.५.१ मौलिक हक तथा नीतिहरू

नेपालको संविधान भाग तीन धारा १६ देखि धारा ४६ सम्म उल्लिखित विभिन्न ३१ प्रकारका मौलिक हकहरू र संविधानको धारा ५१ को उपधारा (क) देखि उपधारा (ड.) सम्म उल्लिखित १३ प्रकारका राज्यका नीतिहरू कार्यान्वयनहरू कार्यान्वयन गर्दा नागरिकको नजिकको सरकारको रूपमा चिनिने स्थानीय तहको जिम्मेवारी महत्वपूर्ण हुने देखिन्छ ।

### २.५.२ संघीय ऐनहरू

- स्थानीय तह सञ्चालनको लागि महत्वपूर्ण मानिएको स्थानीय सरकार सञ्चालन ऐन २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६,
- आवासको अधिकार सम्बन्धी ऐन २०७४,
- उपभोक्ता संरक्षण ऐन २०७५,
- खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धी ऐन २०७५,
- खानेपानी तथा सरसफाई ऐन २०७९,
- जन स्वास्थ्य सेवा ऐन २०७५,
- भूउपयोग सम्बन्धी ऐन २०७५,
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४,
- राष्ट्रिय युवा परिषद ऐन २०७२,
- रोजगारीको हक सम्बन्धी ऐन २०७५,
- वातावरण संरक्षण ऐन २०७६,
- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

- शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन २०७९,
- संघ प्रदेश र स्थानीयतह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७,
- सहकारी ऐन,
- सार्वजनिक नीजि साझेदारी तथा लगानी ऐन २०७५

### २.५.३ मधेश प्रदेशका विभिन्न कानूनहरू

मधेश प्रदेश सरकारबाट निर्मित विभिन्न नीति तथा कानूनहरू कार्यान्वयन गर्नु पर्दा शहिदनगर नगरपालिकाको कार्य जिम्मेवारी स्वभाविक रूपमा थपिनेनै भयो ।

### २.५.४ शहिदनगर नगरपालिकाका आफ्नै नीति तथा कानूनहरू

नेपालको संविधानको अनुसूची ८ मा उल्लिखित स्थानीय तहको एकल अधिकार तथा अनुसूची ९ मा उल्लिखित साझा अधिकार कार्यान्वयन गर्ने सिलसिलामा शहिदनगर नगरपालिकाले विभिन्न नीति तथा कानूनहरू निर्माण गरेको छ ।

शहिदनगर नगरपालिकाले प्रत्येक वर्ष पेश तथा पारित गरिएका बार्षिक नीति तथा कार्यक्रममा विकास व्यवस्थापन तथा सुशासन र सेवाप्रबाहलाइ उच्च प्राथमिकता दिदैं आएको छ । चालू आर्थिक वर्षको बार्षिक नीति तथा कार्यक्रमले नगरको बिकास निर्माणको कार्यका अतिरिक्त विधिको शासनमा जोड दिने बिषय उल्गलेख गरिएको छ । पारदर्शिता, जवाफदेहिता र मितव्ययिताको सिद्वान्त अपनाउँदै जनतालाइ छिटो, सरल, सहज र गुणस्तरीय सेवाप्रवाह गर्नु पर्ने बिषय सबैको लागि अपरिहार्य छ ।

## २.६ नगरपालिकाको कार्य प्रकृति तथा कार्यवोझ

### क नगरपालिकाको पहिचान :

शहिदनगर नगरपालिका शहरीकरण तर्फ उन्मुख नगरपालिका मध्येको एक हो । यस नगरपालिका अन्तरगत सिमा क्षेत्र समेत पर्दछ ।

### ख नगरपालिकाको भूमिका :

नेपालको संविधानले निर्दिष्ट गरेको संवैधानिक व्यवस्था तथा प्रचलित कानून बमोजिम यस नगरपालिकाले निर्बाह गर्ने भूमिका देहाय बमोजिम रहेको छ,

१. संघीयताको मर्म, भावना र व्यवस्था अनुरूप लोकतान्त्रिक तथा जवाफदेहि स्थानीय सरकारको रूपमा कार्य गर्ने,
२. नगरबासीले नगरपालिका प्रति निष्ठा, विश्वास र अपनत्व ग्रहण गर्ने गरी सरल सहज रूपमा गुणस्तरीय सार्वजनिक सेवाप्रबाह गर्ने,
३. नगरवासीलाई स्थानीय सरकारको शासन प्रणालीमा अधिकधिक सहभागी गराउने,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

४. नगरपालिकालाई शान्त, सुरक्षित, सभ्य, सफा, सुन्दर, समुन्नत तथा सुशासनयुक्त नगरको रूपमा विकसित गर्ने,
५. नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वयात्मकरूपमा कार्य गर्ने,
६. भौतिक पूर्वाधार निर्माण तथा सेवा सुनिश्चित गर्ने,
७ . सबै वडाहरूलाई उचित अवसर र प्राथमिकता दिइ समानुपातिक र सन्तुलित विकास गर्ने
८ . योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन ।

## ग . शहिदनगर नगरपालिकाको कार्यक्षेत्र

नेपालको संविधानले स्थानीय तह सम्बन्धमा गरेको संवैधानिक प्रावधान, प्रचलित कानूनी व्यवस्था, शहिदनगर नगरपालिकाको आफ्नै विशिष्ट पहिचान तथा कार्यप्रकृति र भूमिका अनुरूप यस नगरपालिकाले सम्पादन गर्ने कार्यक्षेत्रलाइ संक्षेपमा देहाय बमोजिम उल्लेख गरिएको छ :

- आधारभूत तथा माध्यामिक शिक्षा र खेलकुद,
- स्वास्थ्य तथा सरसफाइ,
- कृषि तथा पशु,
- सडक तथा सिंचाइ,
- कर तथा गैरकर राजश्व संकलन,
- विकास आयोजना तथा परियोजनाहरू,
- वन वातावरण तथा जैविक विविधता,
- सामाजिक विकास सामाजिक सुरक्षा तथा गरिवी निवारण,
- खानेपानी जलविद्युत तथा उर्जा,
- विपद् व्यवस्थापन,
- खानी तथा खनिज पदार्थ,
- भाषा कला तथा संस्कृति,
- शहरी विकास तथा पर्यटन,
- उद्योग व्यवसाय तथा रोजगारी प्रवर्द्धन,
- न्यायिक कार्य,
- स्थानीय सेवा सञ्चालन,
- फोहोर मैला व्यवस्थापन,
- व्यक्तिगत घटना दर्ता,
- सुकुम्बासी व्यवस्थापन,
- यातायात तथा सञ्चार,
- सहकारी,
- सार्वजनिक सम्पत्तिको संरक्षण,
- नक्सापास सम्बन्धी कार्य,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

- दररेट निर्धारण तथा बजार व्यवस्थापन,
- तथ्याङ्क संकलन तथा अध्यावधिक,
- सिफारिस तथा प्रमाणित गर्ने कार्य र
- नियमन तथा अनुगमन ।

## २.७ शहिदनगर नगरपालिकाको आय तथा व्ययको अवस्था

शहिदनगर नगरपालिकाको गत तीन आर्थिक वर्षको आम्दानी तथा व्ययको अवस्था देहाय बमोजिम रहेको छ ।

**शहिदनगर नगरपालिकाको गत तीन वर्षको आम्दानी खर्चको अवस्था**

**तालिका नं ३**

| आर्थिक वर्ष | आम्दानी(रू) | खर्च(रू) |
|---|---|---|
| २०७८/७९ | ६२,६३,२२,६८७/०४ | ४६,९१,२६,८१८/ |
| २०७९/८० | ६६,९२,४३,७४६/२७ | ५५,७०,०७,३७५/४० |
| २०८०/८१ | ५६,७५,२६,४९४/२४ | ४२,२०,६७,९४६/५० |

श्रोत : नगरपालिकामा रहेको अभिलेख

उपर्युक्त तालिका अनुसार शहिदनगर नगरपालिकाको विगत तीन आर्थिक वर्षको आम्दानी खर्च विश्लेषण गर्दा आम्दानी बढ्दै जादा खर्च पनि बढेको देखिन्छ भने आम्दानी घटेको अवस्थामा खर्च पनि घटेको देखिन्छ ।यसमा कर्मचारीको दरबन्दी अनुरुप पदपूर्ती नभै रिक्त भएको कारणबाट पनि उताव चढाव देखिन्छ।शहिदनगर नगरपालिकामा कर्मचारी प्रयोजनको लागि गत तीन वर्षमा भएको खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

**विगत तिन आर्थिक वर्षको कर्मचारी प्रयोजनमा खर्चको विवरण**

**तालिका ४**

| क्र सं | शिर्षक | २०८०/०८१ | २०७९/०८० | २०७८/०७९ |
|---|---|---|---|---|
| १ | स्थायीकर्मचारी तलब(रू) | १५,१०,८७,६५७। | १२,४५,२१,४८९/ | १०,६०,७९,७४१। |
| २ | कर्मचारीपोशाक खर्च(रू) | २०,२०,०००। | २२,००००। | २,७०,०००। |
| ३ | कर्मचारीमंहगी भत्ता(रू) | ४,८८,०००। | ४०,६०००। | ४,५०,०००। |
| ४ | कर्मचारीप्रोत्साहन पुरस्कार(रू) | - | - | - |
| ५ | अन्य भत्ता(रू) | २,८३३६०। | ५५,४००। | १६,०४,५००। |
| ६ | • करार कर्मचारीको पारिश्रमिक<br>• ज्यालादारी कर्मचारीको पारिश्रमिक | १,४२,४३,०४६। | १,०३,२५,६२४। | १,२७,८६,६९०। |

श्रोत पालिकाको लेखा शाखा

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

उपर्युक्त तालिका अनुसार यस नगरपालिकाको विगत तीन आर्थिक वर्षमा कर्मचारी खर्चमा क्रमश बृद्धि हुँदै गएको छ ।

## शहिदनगर नगरपालिकाको आर्थिक वर्ष २०८०/८१राजश्वको अनुमानित तथा खुद आय

तालिका नं ५

| क्र.सं. | स्रोत | वार्षिक अनुमानित आय | कुल आम्दानी |
|---|---|---|---|
| १ | सम्पती कर | २५,000.00 | २0,000.00 |
| २ | भुमीकर /मालपोत | १,४0,0000.00 | २0,00000.00 |
| ३ | वहाल कर | २,00000.00 | 0.00 |
| ४ | वहाल विटोरी कर | 0.00 | ५,000.00 |
| ५ | अन्य अचल सम्पत्तीमा लाग्ने अन्य कर | 0.00 | १,00000.00 |
| ६ | अन्य कर | 0.00 | १0,00000.00 |
| ७ | न्यायिक दस्तुर | १४,000.00 | २0,000.00 |
| ८ | परिक्षा शुल्क | २,00000.00 | 0.00 |
| ९ | अन्य प्रशासनिक सेवा सुल्क | १0,७0,000.00 | १५,00,000.00 |
| १0 | नक्सा पास दस्तुर | १000.00 | १0,000.00 |
| ११ | सिफारिस दस्तुर | ७५,000.00 | 0.00 |
| १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,८0,000.00 | 0.00 |
| १३ | नाता प्रमाणित दस्तुर | ५,000.00 | 0.00 |
| १४ | अन्य दस्तुर | ९,८0,000.00 | 0.00 |
| १५ | व्यावसाय रजिस्ट्रेशन दस्तुर | ५000.00 | 0.00 |
| १६ | अन्य राजस्व | १७,४५,000.00 | १७,९३,९७४.00 |
| १७ | व्यावसाय कर | १00000.00 | 0.00 |
| १९ | वेरुजू | ५,00,000.00 | ४९,२७५३.00 |
| जम्मा | | ६९,५0,000.00 | ६९,४१,७२७.00 |

श्रोत : पालिकाको लेखा शाखा

माथि उल्लेखित तालिका अनुसार अनुमान गरे को भन्दा बढी  राजश्व संकलन भएको देखिन्छ भने कतिपय शिर्शकमाा भने संकलननै हुन नसकेको देखिन्छ ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

# परिच्छेद : तीन
# विद्यमान संगठन संरचना तथा दरवन्दी विवरण

## ३.१ विद्यमान संगठन संरचना

नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत संगठन संरचना तथा दरबन्दी देहाय वमोजिम रहेकोछ ।

### शहिदनगर नगरपालिका

(घ) २५ हजार देखि ५० हजारसम्म जनसंख्या भएकानगरपालिकाको संगठन संरचना (१५१वटा) (अनुसूची ४.१)



नेपाल सरकार मन्त्रिपरिषदबाट २०७४ सालमा मा स्वीकृत शहिदनगर नगरपालिको अन्तरिम दरबन्दी तेरिज विवरण

क. नगरकार्यपालिका तर्फ

तालिका नं ६

| क. सं. | पदनाम | तह | सेवा | संख्या |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ९/१० | प्रशासन / सा.प्र | १ |
| २ | अधिकृत | ९/१० | शिक्षा प्रशासन | १ |
| ३ | डि. इ. (ईन्जि.) | ९/१० | नेपाल ईन्जीनियरिङ | १ |
| ४ | अधिकृत, प्रशासन | ७/८ | प्रशासन/सा.प्र | १ |
| ५ | अधिकृत लेखा | ७/८ | प्रशासन / लेखा | १ |
| ६ | जनस्वास्थ अधिकृत | ७/८ | स्वास्थ्य / ज स्वा. | १ |
| ७ | ईन्जिनियर | ७/८ | ईन्जी / सिभिल | १ |
| ८ | अधिकृत, प्रशासन | ७/८ | प्रशासन/सा.प्र | १ |
| ९ | अधिकृत शिक्षा | ७/८ | शिक्षा / शि.प्र. | -१ |
| १० | अधिकृत | ६ | प्रशासन / सा.प्र. | २ |
| ११ | हे.अ./सि.अ.हे.व. | ५/६ | स्वास्थ्य / हे.ई. | १ |
| १२ | प. हे. नर्स | ५/६ | क नर्सिङ. | १ |
| १३ | सहायकस्तर | ५ | प्रशासन / सा.प्र. | ४ |
| १४ | लेखापाल | ५/६ | प्रशासन /लेखा. | १ |
| १५ | प्रा.स.शिक्षा | ५ | शिक्षा | १ |
| १६ | सव इन्जिनियर, | ५ | ईन्जी / सिभिल | २ |
| १७ | पव्लिक हेल्थ नर्स | ५ | स्वास्थ/क.न. | १ |
| १८ | म. वि. नि. | ५ | विविध सेवा | १ |
| १९ | कम्प्युटर अपरेटर | ५ | विविध सेवा,प्रा. | १ |
| २० | सहायकस्तर | ४ | प्रशासन /सा.प्र. | ३ |
| २१ | लेखा सहायक | ४ | प्रशासन /लेखा | १ |
| २२ | अमिन | ४ | ईन्जी / सर्वे | १ |
| २३ | स.म.वि.नि. | ४ | विविध सेवा | १ |
| | जम्मा | | | २९ |

श्रोत: पालिकाको अभिलेख

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

ख ) वडातर्फ दरबन्दी

| | | | | |
|---|---|---|---|---|
| १ | सहायक | पाचौ/प्रशासन | सामान्य प्रशासन | ५ |
| २ | सब इन्जिनियर | पाचौ / इन्जिनियरिङ | सिभिल | ५ |
| ३ | सहायक | चौथो / प्रशासन, | सामान्य प्रशासन | ४ |
| ४ | अ. सब. इन्जिनियर | चौथो / इन्जिनियरिङ | सिभिल | ४ |
| | जम्मा | | | १८ |
| | कूल जम्मा (क+ख) | | | ४७ |

ग .कृषि सेवा तर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | कृषि अधिकृत | सातौ/आठौ | कृषि सेवा | १ |
| २ | सहायक | पाचौ | कृषि | २ |
| ३ | सहायक | चौथो | कृषि | २ |
| | जम्मा | | | ५ |

घ .पशु सेवा तर्फ

| | | | | |
|---|---|---|---|---|
| १ | अधिकृत | सातौ/आठौ | कषि लाइवस्टक | १ |
| २ | सहायक | पाचौ | कृषि/पशु स्वास्थ | २ |
| ३ | सहायक | पाचौ | कृषि लाइवस्टक | १ |
| ४ | सहायक | चौथो | कृषि/पशु स्वास्थ | २ |
| ५ | सयक | चौथो | कृषि /लाइभस्टक | २ |
| | जम्मा | | | ८ |
| | **नगर कार्यपालिका तथा वडा तर्फको कूल दरबन्दी** | | | ६० |

नोट :

- कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचना अनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ | त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणवाट रिक्त भएमा सो पत्र स्वतः खारेज हुनेछ ।
- प्रस्तुत संगठन संरचना भित्र नपरेका पाले. सरसफाई, दमकल सञ्चालन, एम्वुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणवाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।
- स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौ कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सव ई.अ.स.ई.वा प्रा.स.को पदमा कामकाज लगाउन सकिनेछ ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

- यस दरबन्दी भन्दा बाहेक नगरपालिकाका स्थायी कर्मचारीहरुले नगरपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।
- यस संगठन संरचना बमोजिम उल्लेख भएका स्थानीय तहका स्थायी कर्मचारीहरुलाई सम्भव भएसम्म दरवन्दीमा समावेश गर्ने र समावेश नभएका स्थायी कर्मचरीको हकमा आवश्यकता अनुसार शाखा तोकी कामकाज लगाउने सो को जानकारी यस मन्त्रालयको कर्मचारी समायोजन शाखालाई उपलब्ध गराउने ।

नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत शहिदनगर नगरपालिकाको उपर्युक्त संगठन संरचना अनुसार प्रमुख प्रशासकीय अधिकृत (दशौं तह) १, शाखाहरूमा प्रशासन योजना तथा अनुगमन शाखा, पुर्वाधार बिकास तथा वातावरण व्यवस्थापन शाखा , स्वास्थ्य तथा सामाजिक विकास शाखा, कानुन शाखा, शिक्षा युवा तथा खेलकुद शाखा ,आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा गरी ७ वटा शाखा, उपशाखाहरूमा प्रशासन उपशाखा, राजश्व उपशाखा, योजना तथा अनुगमन उपशाखा, सडक सिंचाइ तथा अन्य पुर्वाधार विकास उपशाखा, भवन तथा बस्ती विकास उपशाखा,वातावरण तथा विपद व्यवस्थापनउपशाखा सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा र महिला बालबालिका तथा समाज कल्याण उपशाखा उद्योग तथा व्यवशाय प्रवर्धन उपशाखा गरी ९वटा उपशाखाहरू साथै आन्तरिक लेखा परीक्षण इकाई, पर्यटन घरेलु तथा साना उद्योग इकाइ गरी २ वटा इकाइहरू रहेका छन् ।वडा कार्यालयहरूको प्रत्येक वडामा एक जना प्रशासन ४।५ र प्राबिधिक ४।५ एक जना गरी २जनाका दरले तथा स्वास्थ्य चौकी र कृषि/पशु तर्फको संरचना एब दरबन्दी संघीय मन्त्रालयबाट तोके अनुरुप उल्लेख गरिएको छ ।

तालिका ७

**शहिदनगर नगरपालिकाले बिभिन्न मितिमा निर्णय गरी करारमा काम लगाएका कर्मचारिको बिवरण**

| क्र सं | पद | तह | सेवा समुह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | ६ | सिभिल | २ | करारमा |
| २ | सूचना अधिकारी | ७ | सुचना प्रबिधि | १ | संघबाट खटाइएको |
| ३ | ना. सु. | ५ | प्रशासन | ८ | करारमा |
| ४ | रोजगार सहायक | ५ | प्रशासन | १ | संघबाट खटाइएको |
| ५ | अ.सव इन्जिनियर | ४ | सिभिल | १ | करारमा |
| ६ | हेभी सवारी चालक | बिहिन | | २ | करारमा |
| ७ | हलुका सवारी चालक | बिहिन | | ५ | करारमा ४ र ज्यादारीमा १ |
| ८ | इलेक्ट्रीसियन | ४ | जनरल इलेक्ट्रिक | १ | करारमा |
| ९ | सरसफाइ कर्मी | | | ५ | ज्यालादारीमा |
| | जम्मा | | | २६ | करारमा २० र ज्यलादारीमा ६ |

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

## शहिदनगर नगरपालिका स्थित स्वास्थ्य संस्थाहरूको विवरण

तालिका नं ८

शहिदनगर नगरपालिका भित्र स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, र आधारभूत स्वास्थ्य केन्द्र सहित स्वास्थ्य संस्थाको अवस्था देहाय बमोजिम रहेको छ ।

| वडा | प्राथमिक स्वास्थ केन्द्र | स्वास्थ्य चौकी | अस्पताल | जम्मा |
|---|---|---|---|---|
| १ | | १ | | |
| २ | | १ | | |
| ३ | १ | | | |
| ४ | | १ | | |
| ५ | | १ | | |
| ६ | | १ | | |
| ७ | | १ | | |
| ८ | | १ | | |
| ९ | | १ | | |
| **जम्मा** | १ | ८ | | ९ |

### क स्वास्थ्य चौकी

शहिदनगर नगरपालिका भित्र रहेका ८ वटा स्वास्थ्य चौकीको स्वीकृत दरबन्दीको अभिलेख फेला नपरे पनि साविक गाविस कायम रहँदा स्वास्थ तथा जनसंख्या मन्त्रालयकबाट प्राप्त भएको एव विगत बर्ष देखि नै कार्यरत जनशक्तिको आधारमा दरबन्दी देहाय बमोजिम रहेको देखिन्छ ।

तालिका ९

**स्वास्थ्य चौकीको दरबन्दी**

| क सं | पदनाम | तह | सेवा | समुह | संख्या |
|---|---|---|---|---|---|
| १ | जस्वानि/हेअ/सि.अ.हे.व. अधिकृत | ६ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | १ |
| २ | सि./अ. न. मी. | ६ | स्वास्थ सेवा | कम्यूनिटी नर्सिङ् | १ |
| ३ | सि./अ. हे. व. | ५ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | २ |
| ४ | अ. हे. व. | ४ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | १ |
| ५ | अ.न.मी. | ४ | स्वास्थ सेवा | कम्यूनिटी नर्सिङ | १ |
| | **जम्मा** | | | | ६ |
| | **८ वटा स्वास्थ्य चौकीको कूल जम्मा** | | | | ४८ |

शहिदनगर नगरपालिका मातहत रहेका ८वटा स्वास्थ्य चौकीहरूमा कार्यरत जनशक्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

तालिका १०

| क्र सं | पदनाम | तह | स्वीकृत दरबन्दी | हाल कार्यरत | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | सेवा करार | ज्यालादारी | जम्मा |
| १ | सिअहेव | ६ | ८ | ८ | | | ८ |
| २ | हेव/सिअहेव | ६ | ८ | ८ | | | ८ |
| ३ | सि/अहेव | ५ | १६ | १६ | | | १६ |
| ४ | सिअनमि | ६ | ८ | ८ | ८ | ८ | ८ |
| ५ | अनमि | ४ | ८ | ८ | ८ | ८ | ८ |
| | जम्मा | | ४८ | ४८ | | | ४८ |

स्वास्थ्य चौकीहरू बाहेक यस नगरपालिकामा देहाय बमोजिम प्राथमिक स्वास्थ्य केन्द्र १ समेत रहेको छ ।

**ख प्राथमिक स्वास्थ केन्द्र PHC को दरबन्दी**

तालिका ११

| क्र सं | पदनाम | तह | सेवा | समुह | संख्या |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ | स्वास्थ सेवा | ज हेल्थं सर्भिसेज | १ |
| २ | .हेल्थ असिस्टेन्ट | ५।६।७ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | १ |
| ३ | स्टाफ नर्स | ५।६।७ | स्वास्थ सेवा | जनरल नर्सिङ | १ |
| ४ | अ.हे.व | ४।५।६ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | ३ |
| ५ | अ. न. मी. | ४।५।६ | स्वास्थ सेवा | कम्यूनिटी नर्सिङ् | ३ |
| ६ | ल्याव असिस्टेन्ट | ४।५।६ | स्वास्थ सेवा | ल्याव टेक्नेसियन | १ |
| ७ | हे अ। अहेव । स्टाफ नर्स | ४।५।६ | स्वास्थ सेवा | हे इ। ज नर्सिङ | ४ |
| | का.स.र स्विपर | | | जनरल नर्सिङ | ३ |
| | जम्मा | | | | १७ |

श्रोत पालिकाको कार्यालय

तालिका १२

नगरपालिकाको स्विकृत दरबन्दी तथा कार्यरत कर्मचारी संख्या

| क्र सं | कार्यालय | स्वीकृत दरबन्दी | स्थायी | अस्थायी | सेवा करार | ज्यालादारी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिकाको का. | २९ | २२ | | ३२ | ९ | ६३ |
| २ | वडा कार्यालय | १८ | ६ | | ९ | २ | १७ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | १० | ९ | | २ | १ | १६ |
| ३ | स्वास्थ्य चौकी | ४८ | ४८ | | ८ | | ५६ |
| ४ | कृषि शाखा | ५ | | | | | |
| ५ | पशुसेवा शाखा | ८ | ३ | | २ | | ५ |
| | जम्मा | ११८ | ८२ | | ५३ | १२ | १५७ |

श्रोत; नगरपालिका

तालिका नं १३

शहिदनगर नगरपालिमा हाल कार्यरत कर्मचारीको अवस्था

| क्र सं | पद | तह | सेवा । समुह | संख्या | स्थायी/ करार/ ज्यालादारी |
|---|---|---|---|---|---|
| १ | प्र.प्र अधिकृत | सातौ | प्रशासन | १ | स्थायी |
| २ | लेखापाल | पाचौ | लेखा | १ | स्थायी |
| ३ | ज.स्वा.अधिकृत | सातौ | हेल्थ इ. | १ | स्थायी |
| ४ | ज.स्वा.नि. | छैठो | हेल्थ इ. | १ | स्थायी |
| ५ | शिक्षा अधिकृत | छैठो | शिक्षा सेवा | १ | स्थायी |
| ६ | इन्जीनीयर | छैठो | सिभिल | २ | स्थायी |
| ७ | अधिकृत क.अ. | छैठो | प्रशासन | १ | स्थायी |
| ८ | ना.सु. | पाचौ | प्रशासन | ६ | स्थायी |
| ९ | सव.इन्जिनियर | चौथो | सिभिल | ३ | स्थायी |
| १० | इन्जीनीयर | छैठो | सिभिल | २ | करार |
| ११ | सव.इन्जिनियर | चौथो | सिभिल | १ | करार |
| १२ | का.स. | प्रथम | प्रशासन | ५ | स्थायी |
| १३ | सुचना अधिकारी | सातौ | प्रशासन | १ | करार |
| १४ | रोजगार साहायक | पाचौ | प्रशासन | १ | करार |
| १५ | ना.सु. | पाचौ | प्रशासन | ८ | करार |
| १६ | ह.स.चालक | | | ४ | करार |
| १७ | हे.सवारी चालक | | | २ | करार |
| १८ | का.स. | | | ९ | ज्यालादारी |

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | ह.स.चालक | | | १ | ज्यालादारी |
| २० | इलेक्ट्रिसियन | | | १ | करार |
| २१ | सफाइ कर्मचारी | | | ५ | ज्यालादारी |
| | | | | ५७ | |

श्रोत; नगरपालिकाको अभिलेख

# परिच्छेद : चार
# प्रस्तावित संगठन संरचना तथा दरबन्दी

## ४.१ मौजुदा संगठन संरचना र दरबन्दी परिमार्जनका आधार

बर्दिवास नगरपालिकाको मौजुदा संगठन संरचना तथा दरबन्दीमा पुनरावलोकन गर्नु पर्नाका आधार तथा कारण देहाय बमोजिम रहेका छनः

- ✓ नगरपालिकाको हालको कार्य जिम्मेवारी कार्यवोझ कार्य विशिष्टता र कार्यप्रकृतिलाइ विचार गरी संगठन संरचनालाइ चुस्त दुरुस्त बनाइ अध्यावधिक गर्न तथा दरबन्दीलाइ मितव्ययी तथा उपयुक्त आकारमा ल्याउन आवश्यक देखिएको ।
- ✓ मिल्दोजुल्दो वा एउटै प्रकृतिको काम भएको शाखा वा इकाइलाइ एउटा शाखा अन्तरगत पुनसंरचित गर्दा समन्वय र कार्य प्रभावकारिताको दृष्टिले उपयुक्त हुने देखिएको ।
- ✓ सेवाको प्रभावकारिताको लागि प्रविधिमैत्री दरबन्दी बनाउन आवश्यक देखिएको।
- ✓ थपिदैं गएको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक जनशक्ति थप वा मिलान गरी व्यवस्थापन गर्नु पर्ने देखिएको ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

## ४.२ प्रस्तावित संगठन संरचना



## ख वडा कार्यालयको संगठन संरचना




**दरबन्दी तेरिज**

| | | |
|---|---|---|
| वडा सचिव वडा सचिव सहायक ५ तह प्रशासन/साप्र | १ | ९ |
| सहायक ४ तह प्रशासन/सा प्र | १ | ९ |
| सब इञ्जिनियर ५ तह इञ्जिनियरिङ/सिभिल | १ | ५ |
| अ.सब.इञ्जिनियर ४ तह सिभिल | १ | ४ |
| कार्यालय सहयोगी | १ | ९ |
| जम्मा | | ३६ |
| कूल दरबन्दी ४०९= | ३६ जना कर्मचारी र ९ जना का स ४५जना | |

प्रस्तावित शाखा/उपशाखा/इकाइ

| क्र सं | साविकको शाखा | साविक शाखा मातहत रहेका उपशाखा तथा इकाइ | प्रस्तावित शाखा | प्रस्तावित उपशाखा तथा इकाइ |
|---|---|---|---|---|
| १ | | | प्रमुखको सचिवालय | |
| २ | | | उपप्रमुखको सचिवालय | |
| ३ | प्रशासन योजना तथा अनुगमन शाखा | १.१ प्रशासन उपशाखा<br>१.२ राजश्व उपशाखा<br>१.३ योजना तथा अनुगमन उपशाखा<br>१.४ कानून इकाइ | प्रशासन योजना तथा अनुगमन शाखा | ३.१ प्रशासन उपशाखा<br>३.२ राजश्व उपशाखा<br>३.३ योजना तथा अनुगमन उपशाखा<br>३.४ कानून उपशाखा<br>३.५ सामाजिक सुरक्षा तथा पञ्जिकरण इ<br>३.६ आन्तरिक व्यवस्था इकाइ ( दर्ता ,चलानी ,सोधपुछ) |
| ४ | पुर्वाधार विकास शाखा | २.१ सडक सिंचाइ तथा अन्य पुर्वाधार विकास उपशाखा<br>२.२ भवन तथा वस्ती विकास उपशाखा<br>२.३ वातावरण तथा विपद व्यवस्थापन इ | पुर्वाधार विकास शाखा | ४.१ सडक, सिंचाइ तथा अन्य पुर्वाधार विकास उपशाखा<br>४.२ शहरी विकास, घर नक्सा तथा वस्ती विकास उपशाखा<br>४.३ वातावरण, सरसफाइ तथा विपद व्यवस्थापन इकाइ<br>४.४ भूमि प्रशासन इकाइ |
| ५ | स्वास्थ्य तथा सामाजिक विकास शाखा | ३.१ सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा<br>३.२ महिला बालबालिका तथा समाज कल्याण उपशाखा | सामाजिक विकास शाखा | ५.१ स्वास्थ्य सेवा प्रवर्द्धन तथा नियमन उपशाखा<br>५.२ जनस्वास्थ्य, परिवार कल्याण, रोग नियन्त्रण उप शाखा<br>५.३ आयुर्वेद उपशाखा<br>५.४ महिला बालबालिका तथा समाज कल्याण उपशाखा<br>५.५ सामाजिक परिचालन तथा गैसस समन्वय उपशाखा |
| ६ | शिक्षा युवा तथा खेलकुद शाखा | | शिक्षा युवा तथा खेलकुद शाखा | ६.१ विद्यालय प्रशासन तथा शैक्षिक योजना उपशाखा<br>६.२ युवा खेलकुद तथा संस्कृति इकाई |
| ७ | आर्थिक विकास शाखा | | आर्थिक विकस शाखा | ७१ कृषि विकास उपशाखा<br>७२ पशु बिकास उपशाखा<br>७३ उघोग सहकारी तथा रोजगार इकाइ |
| ८ | आ प्र शाखा | | आर्थिक प्रशासन शाखा | |
| ९ | | | सूचना प्रविधि तथा अभिलेख शाखा | |
| १० | आ ले प शाखा | आन्तरिक लेखा परिक्षण इकाइ | आ लेखा परिक्षण शाखा | |

तालिका १४

## प्रस्तावित दरबन्दी

### क. नगर कार्यपालिकाको कार्यालय

| क्र सं | शाखा/उपशाखा | पद नाम | सेवा | समूह | तह | प्रस्तावित दरबन्दी | साविक दरबन्दी | थप/घट |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन | साप्र | ९/१० | १ | १ | ० |
| २ | प्रमुखको सचिवालय | सहायक | प्रशासन | साप्र | ४ | १ | ० | +१ |
| ३ | उपप्रमुखको सचिवालय | सहायक | प्रशासन | साप्र | ४ | १ | ० | +१ |
| ४ | प्रशासन योजना तथा अनुगमन शाखा | अधिकृत | प्रशासन | साप्र | ७ | १ | १ | ० |
| | | अधिकृत | प्रशासन | साप्र | ६ | ० | १ | -१ |
| | | कम्प्यूटर अपरेटर | विविध | | ५ | १ | १ | ० |
| | | हसचा | | | | ४ | ० | +४ |
| | | भा स चा | | | | २ | | +२ |
| | | कास | | | | ५ | ० | +५ |
| ४.१ | प्रशासन उपशाखा | सहायक | प्रशासन | साप्र | ५ | १ | १ | ० |
| | | सहायक | प्रशासन | साप्र | ४ | १ | १ | ० |
| ४.२ | राजश्व उपशाखा | सहायक | प्रशासन | साप्र | ५ | १ | १ | ० |
| | | सहायक | प्रशासन | साप्र | ४ | १ | १ | ० |
| ४.३ | योजना तथा अनुगमन उपशाखा | अधिकृत | प्रशासन | साप्र | ६ | ० | १ | -१ |
| | | सहायक | प्रशासन | साप्र | ५ | १ | ० | +१ |
| | | सहायक | प्रशासन | साप्र | ४ | १ | १ | ० |
| ४.४ | कानून उपशाखा | कानून सहायक | प्रशासन | साप्र | ५ | १ | १ | ० |
| ४.५ | सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई | सहायक | प्रशासन | साप्र | ५ | १ | ० | +१ |
| ४.६ | सूचना प्रविधि तथा अभिलेख शाखा | सूचना प्रविधि अधिकृत | विविध | | ७ | १ | ० | +१ |
| ५ | पुर्वाधार विकास शाखा | सिडिइ | इञ्जिनियरिङ | सिभिल | ९/१० | ० | १ | -१ |
| | | इञ्जिनियर | इञ्जिनियरिङ | सिभिल | ७ | १ | ० | +१ |
| ५.१ | सडक सिंचाइ तथा अन्य पुर्वाधार उप शाखा | इञ्जिनियर | इञ्जिनियरिङ | सिभिल | ७/८ | ० | १ | -१ |
| | | इञ्जिनियर | इञ्जिनियरिङ | सिभिल | ७ | १ | ० | +१ |
| | | सब इञ्जिनियर | इञ्जिनियरिङ | सिभिल | ५ | १ | १ | ० |
| ५.२ | भवन, शहरी विकास, घर नक्सा तथा बस्ती विकास उपशाखा | इञ्जिनियर | इञ्जिनियरिङ | सिभिल | ७/८ | ० | १ | -१ |
| | | इञ्जिनियर | इञ्जिनियरिङ | सिभिल | ७ | १ | ० | +१ |
| | | अमिन | इञ्जिनियरिङ | सर्भे | ४ | १ | १ | ० |
| ५.३ | वातावरण सरसफाइ तथा विपद व्यवस्थापन इकाइ | सहायक | प्रशासन | साप्र | ५ | १ | १ | ० |
| ६ | सामाजिक विकास शाखा | | | | | | | |
| ६.१ | स्वास्थ्य सेवा व्यवस्थापन शाखा | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | जनस्वास्थ्य | ७/८/९ | १ | ० | +१ |

SHATABDI RESEARCH CENTRE PVT. LTD., KATHMANDU

| क्र सं | शाखा/उपशाखा | पद नाम | सेवा | समूह | तह | प्रस्तावित दरबन्दी | साविक दरबन्दी | थप/ घट |
|---|---|---|---|---|---|---|---|---|
| | नियमन उपशाखा | पब्लिक हेल्थ नर्स | स्वास्थ्य | कम्यूनिटी नर्स | ५/६ | १ | १ | ० |
| ६.२ | जनस्वास्थ्य कल्याण, रोग नियन्त्रण उपशाखा | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | हेल्थ इन्स्पेक्शन | ५/६ | १ | १ | ० |
| | आयुर्वेद उपशाखा | अ. हे. व. | स्वास्थ्य | आयुर्वेद | ४।५ | १ | १ | |
| ६.३ | महिला तथा बालबालिका उपशाखा | म. वि. निरीक्षक | विविध | विविध | ५ | १ | १ | ० |
| | | सहायक म. वि. नि. | विविध | विविध | ४ | १ | १ | ० |
| ६.४ | सामाजिक परिचालन तथा गैसस समन्वय उपशाखा | सहायक | प्रशासन | साप्र | ५ | १ | १ | ० |
| ७ | शिक्षा युवा तथा खेलकुद बिकास शाखा | शिक्षा अधिकृत | शिक्षा | शिप्र | ७ | १ | १ | ० |
| ७.१ | विद्यालय प्रशासन तथा शैक्षिक योजना उपशाखा | शिक्षा सहायक . | शिक्षा | शिप्र | ५ | १ | १ | ० |
| ७.२ | युवा खेलकुद तथा संस्कृति इकाइ | शिक्षा सहायक | शिक्षा | शिप्र | ५ | १ | ० | +१ |
| ८ | आर्थिक विकास शाखा | अधिकृत | प्रशासन | साप्र | ६ | ० | १ | -१ |
| | | अधिकृत | प्रशासन | साप्र | ७ | १ | ० | +१ |
| ८.१ | कृषि विकास उपशाखा | कृ बि अधिकृत | कृषि | कृप्र | ७ | १ | १ | ० |
| | | प्रास | कृषि | कृप्र | ५ | २ | २ | ० |
| | | ना प्रा स | कृषि | कृप्र | ४ | १ | १ | ० |
| ८.२ | पशु सेवा तथा मत्स्य विकास उपशाखा | प बि अधिकृत | कृषि | भैटनरी | ७ | १ | १ | ० |
| | | प्रा स | कृषि | भेटेरीनरी | ५ | २ | २ | ० |
| | | ना प्रा स | कृषि | पशुविकास | ४ | १ | १ | ० |
| ८.३ | उद्योग सहकारी तथा रोजगार प्रबर्द्धन उपशाखा | सहायक | प्रशासन | साप्र | ५ | १ | 0 | +१ |
| ९ | आर्थिक प्रशासन शाखा | लेखा अतिधकृत | प्रशासन | लेखा | ७ | १ | १ | ० |
| | | लेखा सहायक | प्रशासन | लेखा | ५ | १ | १ | ० |
| | | लेखा सहायक | प्रशासन | लेखा | ४ | १ | १ | -१ |
| १० | आन्तरिक लेखा परिक्षण शाखा | लेखा परीक्षण अधिकारी | प्रशासन | लेखा | ७ | १ | १ | ० |
| ११ | नगर प्रहरी | न प्र स नि | | | ४ तह | १ | | ७ |
| | | न प्र ह | | | ३तह | १ | | ० |
| | | नगर प्रहरी जवान | | | २तह | ५ | | ० |
| | जम्मा | | | | | ५४ | ३७ | १७ |

तालिका १५

ख) वडा कार्यालय (९ वडा)

| क्र सं | शाखा/उपशाखा | पद नाम | सेवा | समूह | तह | प्रस्तावित दरबन्दी | साविक दरबन्दी | थप/ घट |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय | वडा सचिव | प्रशासन | साप्र | ५ | ९ | ४ | +५ |
| | | वडा सचिव | प्रशासन | साप्र | ४ | ० | ५ | -५ |
| २ | प्रशासन, योजना तथा राजश्व शाखा | प्रशासन सहायक | प्रशासन | साप्र | ४ | ९ | ० | +९ |
| ३ | प्राविधिक शाखा | सब इञ्जिनियर | इञ्जिनियरिङ | सिभिल | ५ | ५ | ५ | |
| | | अ सब इञ्जिनियर | इञ्जिनियरिङ | सिभिल | ४ | ० | ४ | |
| ४ | कार्यालय सहयोगी | श्रेणिबिहिन | | | | ९ | ० | +९ |
| | जम्मा (९ वडा) | | | | | ३६ | १८ | १८ |

**शहिदनगर नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरूको प्रस्तावित संगठन संरचना देहाय बमोजिम रहेको छ ।**

तालिका १६

**प्राथमिक स्वास्थ केन्द्र Primary Health Center को**

| क्र सं | पदनाम | तह | सेवा | समुह | साविक संख्या | प्रस्तावित संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | ८ | स्वास्थ सेवा | ज हेल्थ सर्भिसेज | १ | १ | |
| २ | .हेल्थ असिस्टेन्ट | ५।६।७ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | १ | १ | |
| ३ | स्टाफ नर्स | ५।६।७ | स्वास्थ सेवा | जनरल नर्सिङ | १ | १ | |
| ४ | अ.हे.व | ४।५।६ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | ३ | ३ | |
| ५ | अ. न. मी. | ४।५।६ | स्वास्थ सेवा | कम्यूनिटी नर्सिङ् | ३ | ३ | |
| ६ | ल्याव असिस्टेन्ट | ४।५।६ | स्वास्थ सेवा | ल्याव टेक्नेसियन | १ | १ | |
| | | | | | | | |
| ७ | सरसफाइ कर्मी र का स | | | | | २ | करारमा |
| | जम्मा | | | | १० | १२ | |

**स्वास्थ्य चौकी (८ वटा )**

| क्र सं | पदनाम | तह | सेवा | समुह | संख्या |
|---|---|---|---|---|---|
| १ | जस्वानि/हेअ/सि.अ.हे.व . अधिकृत | ६ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | १ |
| २ | सि./अ. न. मी. | ६ | स्वास्थ सेवा | कम्यूनिटी नर्सिङ् | १ |
| ३ | सि./अ. हे. व. | ५ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | २ |
| ४ | अ. हे. व. | ४ | स्वास्थ सेवा | हेल्थ इन्स्पेक्शन | १ |

SHATABDI RESEARCH CENTER PVT. LTD. KATHMANDU

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | अ.न.मी. | ४ | स्वास्थ सेवा | कम्यूनिटी नर्सिङ | १ |
| | का स | | | | १ करारमा थप |
| | जम्मा | | | | ७ |
| ८ वटा स्वास्थ्य चौकीको कूल जम्मा | | | | | ५६ |

### ४.२.४ स्वास्थ्य चौकीको संगठन संरचना

जस्वानि/हेअ/सिअहेव स्वा/हेइ ६ तह १

⇓

| | |
|---|---|
| सिअनमी स्वा/क.न. ६ तह | १ |
| सि/अहेव स्वा/हे इ ५ तह | २ |
| अहेव स्वा/हे इ ४ तह | १ |
| अनमी स्वा/क.न. ४ तह | १ |

तालिका १७

दरबन्दी तेरिज

| क्र सं | कार्यालय | स्वीकृत दरबन्दी | हाल कार्यरत | | | | | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी | सेवा करार | ज्यालादारी | जम्मा | |
| १ | नगर कार्यपालिकाको कार्यालय | २९ | | | | | ५७ | |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र | १० | | | | | | |
| ३ | स्वास्थ्य चौकी | ४८ | | | | | | |
| ६ | वडा कार्यालय | १८ | | | | | | |
| ७ | कृषि बिकास शाखा | ५ | | | | | | |
| ८ | पशु सेवा शाखा | ८ | | | | | | |
| | जम्मा | ११८ | | | | | | |

### दरबन्दीमा भएको फेरबदल

### थप दरबन्दी

| क्र सं | शाखा उपशाखा सचिवालय कार्यालय | पदनाम/तह | सेवा समूह | संख्या | औचित्य |
|---|---|---|---|---|---|
| १ | प्रमुख तथा उप प्रमुखको सचिवालय | सहायक ४ | प्र/साप्र | २ | प्रमुख तथा उप प्रमुखको दैनिक कामलाइ व्यवस्थित गर्न आवश्यक देखिएको |
| २ | प्रशासन योजना तथा अनुगमन शाखा | भा स चा हसचा | | २ ४ | साविक संरचनामा नभएको आवश्यक देखिएको र हाल सेवाकरार/ज्यालादारीमा कार्यरत समेत |

| क सं | शाखा उपशाखा सचिवालय कार्यालय | पदनाम/तह | सेवा समूह | संख्या | औचित्य |
|---|---|---|---|---|---|
| | | | | | रहेको |
| ३ | प्रशासन योजना तथा अनुगमन शाखा | का स | | ५ | साविक संरचनामा नभएको आवश्यक देखिएको र हाल सेवाकरार/ज्यालादारीमा कार्यरत समेत रहेको समेत मिलाइएको |
| ४ | योजना तथा अनुगमन उपशाखा | सहायक ५ | प्र/साप्र | १ | साविकको ६ तहको सट्टा ५ तह उपयुक्त देखिएको |
| ५ | सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई | सहायक ५ | प्र/साप्र | १ | साविकको ६ तहको सट्टा ५ तह उपयुक्त देखिएको |
| ६ | सूचना प्रविधि तथा अभिलेख शाखा | अधिकृत ७ | विविध | १ | दैनिक कामलाइ प्रविधिमैत्री बनाउन आवश्यक देखिएको |
| ७ | पूर्वाधार विकास शाखा | इञ्जिनियर ७ | इ/सिभिल | १ | साविकको ९/१० तहको सट्टा ७ तह उपयुक्त देखिएको |
| ८ | युवा खेलकुद तथा संस्कृति इकाई | सहायक ५ | शिक्/शिप्र | १ | यस सम्बन्धी इकाई राख्न आवश्यक देखिएको |
| ९ | आर्थिक विकास शाखा | अधिकृत ७ | प्र/साप्र | १ | शाखाको कामलाइ समन्वयात्मक एवं प्रभावकारी बनाउन आवश्यक देखिएको |
| १० | कृषि विकास तथा उपभोक्ता हित उपशाखा | ना प्रा स | कृषि/कृप्र | १ | साविक दरबन्दीमा नभएको यस दरबन्दी आवश्यक देखिएको हाल कार्यरत समेत देखिएको |
| ११ | नगर प्रहरी | | | ७ | |
| | जम्मा | | | २७ | |

घटाइएको दरबन्दी

| क्र सं | कार्यालयसचिवालय शाखा उपशाखा | पदनाम तह | सेवा समूह | संख्या | औचित्य |
|---|---|---|---|---|---|
| १ | शिक्षा युवा तथा खेलकुद शाखा | अधिकृत ९/१० | शि/शिप्र | १ | यस शाखाको लागि ७ तह उपयुक्त देखिएको |
| २ | पुर्वाधार शाखा | सिडिइ ९/१० | इ/सिभिल | १ | यस शाखाको लागि ७ तह उपयुक्त देखिएको |
| ३ | योजना तथा अनुगमन उपशाखा | अधिकृत ६ | प्र/साप्र | १ | यस उपशाखाको लागि ६ तह उपयुक्त नदेखिएको |
| ४ | आर्थिक विकास शाखा | अधिकृत ६ | प्र/साप्र | १ | यस उपशाखाको लागि ६ तह उपयुक्त नदेखिएको |

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | प्रशासन योजना तथा अनुगमन शाखा | अधिकृत ६ | प्र/साप्र | १ | यस उपशाखाको लागि ६ तह उपयुक्त नदेखिएको |
| ६ | आर्थिक प्रशासन शाखा | सहायक | प्र । लेखा | १ | आ प्र शाखामा ३जना आवस्यक नदेखिएको हुदा १ जना घटाइएको |
| | जम्मा | | | ६ | |

थप गरिएको दरबन्दी (वडा तर्फको)

| क्र सं | वडा कार्यालय | पदनाम तह | सेवा समूह | संख्या | औचित्य |
|---|---|---|---|---|---|
| १ | | वडा सचिव ५ | प्र/साप्र | ५ | वडा सचिवको पदमा एकरूपता पदसोपान मिलाउन आवश्यक देखिएको |
| ३ | प्रशासन योजना तथा राजश्व शाखा | सहायक ४ | प्र/साप्र | ९ | वडाको कामलाइ व्यवस्थित गर्न यस पद आवश्यक देखिएको र हाल करारमा कार्यरत देखिएको |
| ४ | | का स | | ९ | वडामा यस पद आवश्यक देखिएको र हाल करारमा कार्यरत देखिएको |
| | जम्मा | | | २३ | |

घटाइएको दरबन्दी

| क्र सं | वडा कार्यालय | पदनाम तह | सेवा समूह | संख्या | औचित्य |
|---|---|---|---|---|---|
| १ | | वडा सचिव ४तह | प्र/साप्र | ५ | वडा सचिवको पदमा एकरूपता पदसोपान मिलाउन आवश्यक देखिएको |
| | जम्मा | | | ५ | |

माथि उल्लेखित तालिका अनुरुप यस नगरपालिकामा बिभिन्न पदका २७ जना कर्मचारीहरु थप गर्न प्रस्ताव गरिएको छ भने ६जना कर्मचारी घटाउन प्रस्ताव गरिएको छ ।यसबाट २१ जना कर्मचारी थपिने देखिन्छ ।यि मध्ये ह.स.चा, भा.स.चा. का.स, पाले, माली करार तथा ज्यालदारीमा काम गरिरहेका कर्मचारीलाइ दरबन्दीमा समाबेस गरिएको र केही शाखा थप गर्दा केही कर्मचारी थपिन गएका छन । यसमा पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा शाखा प्रमुख संलग्न अन्तरक्रियाबाट प्राप्त राय सुझावलाइ समाबेस गरि प्रतिबेदन तयार पारिएको छ ।यस्तै वडा तर्फ कार्य चाप बढेको कारणबाट एक जना ४तहको कर्मचारी थप गर्न तथा कास लाइ दरबन्दीमा समाबेस गरीएको छ ।

SHATABDI RESEARCH ... P. LTD., KATHMANDU

## परिच्छेद : पाँच

# निश्कर्ष तथा सुझाव

शहिदनगर नगरपालिकालाई तोकिएको कार्य जिम्मेवारी कुशलतापुर्वक निर्बाह गर्न, कार्य सम्पादनस्तरलाई थप गुणस्तरीय, पारदर्शी, मितव्ययी, नतिजामुखी बनाउन नगरपालिकाको हाल सम्मको कार्यअनुभव, प्राप्त नतिजा, विद्यमान चुनौति, नगरपालिकालाई थपिएको वा थपिँदै जाने संभावित जिम्मेवारीलाई समेत ध्यानमा राख्दै संगठन संरचना तथा दरबन्दीलाई पुनरावलोकन गरी यो प्रतिवेदन पेश गरिएको छ ।साथै दरबन्दी पुनरावलोकन गर्दा नगरपालिकालाई सिर्जना हुने आर्थिक दायित्व र आर्थिक श्रोतको समेत विश्लेषण गरी यथासंभव मितव्ययी रूपमा प्रतिवेदन तयार गरिएको छ।मौजुदा संगठन संरचना तथा दरबन्दीको पुनरावलोकन गर्दा संगठन संरचना तथा दरबन्दीलाई अपेक्षित नतिजा प्राप्तिमा केन्द्रित गरिएको छ ।

२०७४ सालको नगर कार्यापालिकाको कार्यालय र वडा कार्यालय तर्फको स्वीकृत ६० जनाको दरबन्दी संख्या उपर कार्यवोझ कार्यप्रकृति कार्यविश्लेषणको आधारमा साविकमा संगठन संरचनामा समावेश नभएको भारी तथा हलुका सवारी चालक, कार्यालय सहयोगी, नगर प्रहरी, सरसफाइ कर्मी, पाले, माली समेत समावेश गरी दरबन्दी थप गरी  जना प्रस्ताव गरिएको छ । साविकमा कूल ७ वटा शाखा ९वटा उपशाखा रहेकोमा पुनरावलोकन पश्चात थप/घट, मिलान वा समायोजन गरी हाल प्रस्तावित शाखा ८, उपशाखा १२ र इकाई संख्या ५ कायम हुन पुगेको छ । प्रस्तुत दरबन्दी तेरिजमा नगर कार्यपालिकाको कार्यालय तर्फ प्रमुख रउपप्रमुखको सचिवालयमा १, १ जना  कृषि विकास तथा उपभोक्ता हित उपशाखामा १, पशु सेवा उपशाखामा २, नगरप्रहरी तर्फ ७ हसचा र भासचा तर्फ ६ र कार्यालय सहयोगी पालिकामा ५ थप गरिएको छ ।औचित्यता र प्रभावकारिताको आधारमा शिक्षा अधिकृत ९/१० तह र सिडिइ ९/१० र अधिकृत ६ तह प्रशासन/साप्र ३पद तथा लेखा सहायक पद १ संख्या घटाइएकोछ ।कृषि बिकास तथा पशु सेवा शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रहरूको संगठन संरचना र दरबन्दीलाइ नेपाल सरकारको मापदण्ड अनुरूप पुर्व स्वीकृत दरबन्दीलाइ नै यथावत प्रस्ताव गरिएको छ।वडा कार्यालयमा वडा सचिवमा एक रूपता र पदसोपनलाइ मध्येनजर गरी  साविकको व्यवस्थामा परिमार्जन गरी वडा सचिव ५ तह प्रशासन/साप्रलाइ प्रस्ताव गरिएको छ।वडा कार्यालयमा प्रशासन योजना राजश्व शाखाको रूपमा नयाँ शाखा प्रस्ताव गरिएको छ । सबै वडा कार्यालयहरूमा एक/एक जना कार्यालय सहयोगी प्रस्ताव गरिएको छ ।माथि थप गरिएका अधिकांश पदहरु पालिकाले करार ज्यालादारी तथा अस्थायीरुपमा काममा लगाइ रहेको देखिन्छ ।

प्रस्तावित नयाँ संरचनामा प्रमुखको र उपप्रमुखको सचिवालय थप गरिएको छ । प्रस्तावित संगठन संरचना तथा दरबन्दी स्वीकृति र सो पश्चात कार्यान्वयन हुँदै जाँदा जनशक्ति व्यवस्थापन सहज हुँदै जाने, नगरपालिकाले अपेक्षा गरे अनुरूप नतिजा हासिल गर्न कर्मचारीमा स्वस्फुर्त कार्यउत्प्रेरणा अभिबृद्धि हुने, अन्तर शाखा तथा अन्तर उपशाखा वीच समन्वयमा प्रभावकारिता बढ्दै जाने र

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

संगठन र कर्मचारीका कारण नगरपालिकाको समग्र समृद्धिमा सकरात्मक असर पर्दै जाने अपेक्षा गरिएको छ .।

## सुझावः

प्रस्तावित संगठन संरचना तथा दरबन्दीको खाकाको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम सुझाब प्रस्तुत गरिएको छ :

- प्रस्तुत प्रतिवेदन उपर विहंगम अध्ययन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नगर कार्गयपालिका बाट गठन गरिएको संगठन तथा व्यवस्थापन सर्भेक्षण समितिले प्रस्तावित संगठन संरचना दरबन्दी र कार्यविवरणमा कुनै परिमार्जन गर्नु पर्ने देखिए सो समेत गरी नगर कार्यापालिका समक्ष सिफारिस गर्ने,
- प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा संगठन तथा व्यवस्थापन सर्भेक्षण समितिबाट पेश हुने संगठन संरचना तथा दरबन्दीलाई नगरपालिका नगर कार्यपालिका/नगरसभाद्वारा स्वीकृत गर्ने
- स्वीकृत दरबन्दी बमोजिमको पद मधेश प्रदेश निजामती किताबखानामा दर्ता गर्ने
- प्रस्तावित संगठन संरचना तथा दरबन्दी स्वीकृति पश्चात स्वीकृत दरबन्दी र कार्यरत कर्मचारीहरूको विवरण रूजु गरी अध्यावधिक अभिलेख तयार गर्ने
- स्वीकृत दरबन्दी भित्र कार्यरत र स्वीकृत दरबन्दी बाहिर र दरबन्दी भन्दा बढी कार्यरत कर्मचारीहरूको विवरण तयार गर्ने । दरबन्दी भित्र नपर्ने तथा अन्यत्रबाट नगरपालिकामा काजमा खटिइ आएको भए त्यस्ता कर्मचारीहरूलाई नीजको पदाधिकार रहेको निकायमा काज फिर्ता गर्ने। नगरपालिकाबाटै रितपुर्वक नियुक्त भएका दरबन्दी भन्दा बढी कर्मचारी भए नियमानुसार सेवाबाट अवकास दिने
- संघ, प्रदेश तथा अन्य स्थानीय तहबाट नगरपालिकामा कामकाज गर्न खटीइ आएका कर्मचारीहरूलाइ नगरपालिकाको स्वीकृत दरबन्दी भित्रै पर्ने भए हाल पद रिक्त भए कार्यसम्पादनस्तर समेत हेरी नियमानुसार मिल्ने भएमा सरूवा गरी/गराइ पदस्थापन गरी पद मिलान गर्न सकिने
- लोक सेवा आयोगबाट सिफारिसको आधारमा वा नगरपालिकाबाट रितपुर्वक सुरू नियुक्ति भई आउने कर्मचारीहरूलाई जिम्मेवारी तोक्नुपुर्व नगरपालिकाको काम, कर्तव्य र अधिकार तथा पद अनुसारको कार्य जिम्मेवारी एवं आचरण सम्बन्धमा सेवा प्रवेश तालिम प्रदान गर्ने
- सुरू नियुक्त भई आउने कर्मचारीलाई मनासिब कारण वेगर बढीमा एक महिना भित्र पद सेवा समूह उपसमूह अनुसारको जिम्मेवारी दिने
- कर्मचारीहरूको सेवा समूह अनुभव तथा योग्यताको आधारमा कार्यजिम्मेवारी तोक्ने
- पदस्थापन, सरूवा तथा कामकाजमा खटाउदा निर्धारित मापदण्ड अनुसार कार्यान्वयन गर्ने
- रिक्त पदहरूको पदपूर्तीको लागि तोकिएकै समयभित्र प्रदेश लोकसेवा आयोग समक्ष माग गरी पदपूर्ती गर्ने

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

- कार्यालय सहयोगी, भारी तथा हलुका सवारी चालक, सरसफाई गर्ने कर्मचारी, पाले, माली, जस्ता पदहरूको हकमा स्थायीद्वारा पदपुर्ति नगरी सेवा करारमा लिइ कामकाजमा लगाउने
- कर्मचारी उत्प्रेरणाका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
- स्वीकृत दरबन्दी अनुसार जनशक्ति उपलब्ध भएको कार्यविवरण उल्लेख भएको अवस्थामा सोही कामका लागि परामर्श सेवा खरिद नगर्ने व्यवस्था मिलाउने
- इलेक्टेरसियन, प्लम्बर, माली, इन्टरनेटसेवा प्रदायक, कम्प्यूटर मर्मत सेवा तथा सुरक्षा गार्ड जस्ता पदले गर्ने काम सेवा खरिद प्रक्रिया (Out Sourcing )विधि अपनाइ कार्यान्यन गराउने
- कर्मचारी सूचना प्रणाली (PIS) अध्यावधिक गरी विद्युतीय अभिलेख राख्ने
- नेपाल सरकारबाट सशर्त अनुदान प्राप्त हुने २९ जना,नगरपालिका का ९ वडा, नगरपालिका स्थित प्राथमिक स्वास्थ केन्द्र १ र ८ वटा स्वास्थ्य चौकीहरूको दरबन्दीमा रहेका तर कार्यबोझ कम भएका स्वास्थ्य संस्थाहरू मध्येबाट ती स्वास्थ्य संथाहरूको निर्धारित काममा बाधा नपर्ने गरी अत्यावस्यक पदहरूमा कार्यरत कर्मचारीलाइ नगरपालिकाले कामकाजमा खटाउने ।
- माथी उल्लिखित प्रस्तावित दरबन्दी सम्बन्धमा मधेश प्रदेश सरकारबाट जारी भएको मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ ले तोकेका प्रावधानहरु पुरा गरी कार्यान्वयन प्रक्रियामा लैजाने ।

SHATABDI RESEARCH CENTER PVT. LTD. KATHMANDU
SRC

# परिच्छेद : ६
# कार्य विवरण

कुनै पनि निकायको संगठन संरचना अध्ययन सम्बन्धी कार्य गर्दा त्यस संस्थामा आवस्यक दरबन्दी तथा पद तथा ति पदहरुको पदसोपान लगायत ति पदले सम्पादन गर्न पर्ने कार्य विवरण उल्लेख गर्न पर्ने हुन्छ । शहिदनगर नगरपालिका र मातहत निकायका रहने प्रमुख शाखा उपशाखा तथा ति शाखा तथा उपशाखामा रहने पदले सम्पादन गर्न पर्ने कार्य विवरण देहायबमोजिम उल्लेख गरिएको छ ।

## १. प्रमुख प्रशासकीय अधिकृत

- ✓नगरपालिकाको नीति, कानून, योजना, कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वयनमा नेतृत्व प्रदान गरी प्रशासनिक, प्राविधिक र वित्तीय समन्वय तथा सहजीकरण गर्ने गराउने ।
- ✓नगरसभा र नगर कार्यपालिकाको सचिव भै कार्य गर्ने
- ✓प्रमुखको निर्देशनमा नगर कार्यपालिका तथा नगरसभाको बैठक बोलाउने, बैठकको व्यवस्थापन तथा समन्वय गर्ने ।
- ✓नगरसभा र नगर कार्यपालिकाको बैठकको सूचना र कार्यसूची सदस्यहरुलाई उपलब्ध गराउने
- ✓नगरसभा र नगर कार्यपालिकाको निर्णय प्रमाणित गर्ने ।सो को अभिलेख सुरक्षित राख्ने ।
- ✓नगरसभा र नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न गराउन नगरसभा र नगर कार्यपालिकाले गरेका निर्णयहरुको अभिलेख तयार गरी महानगरपालिकाको वेभसाइटमा राख्ने । निर्णय सम्बन्धित महाशाखा, शाखा र वडा कार्यालयहरुमा पठाउने र कार्यान्वयन अवस्थाको अनुगमन गर्ने एवं कार्यप्रगति प्रतिवेदन नगरकार्यपालिकाको बैठकमा पेश गर्ने ।
- ✓नगरसभा र नगर कार्य पालिकाका निर्णयहरु संघ र प्रदेशका सम्बन्धित निकायमा पठाउने । निर्णय कार्यान्वयनका लागि समन्वय, सहजीकरण तथा तरताकेता गर्ने गराउने ।
- ✓नगरसभा र नगर कार्यपालिकाको तर्फबाट नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय एवं सहकार्य गर्ने ।
- ✓शासकीय प्रवन्ध सेवाप्रवाह र विकास निर्माण कार्यमा प्रभाकारिता अभिबृद्धिका लागि समन्वय गर्ने
- ✓नगरसभाले गठन गरेका लेखा, विधायन, सुशासन समिति शहरी योजना आयोग र आवश्यकता अनुसार अन्य समिति तथा विशेष समितिले मागेका विवरणहरु उपलब्ध गराउने र आवश्यकता अनुसारका कर्मचारी / पदाधिकारीहरुलाई उपस्थित भई जानकारी गराउन आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- ✓नगरपालिकामा स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन र वित्तीय सुशासन कायम राख्ने, आन्तरिक नियन्त्रणका सम्बन्धमा समय समयमा मूल्याङ्कन गराई नगरसभा तथा नगर कार्यपालिकामा पेश गरी निर्णय अनुसार कार्यान्वयन गर्ने गराउने

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU

- ✓नगरसभाले बनाएका कानुन कार्यान्वयन स्थितिको आवधिक विवरण तयार गरी नगरसभा तथा नगर कार्यपालिकामा पेश गर्ने । नगरसभा तथा नगर कार्यपालिकाले प्रत्यायोजन गरेका अन्य कामहरु गर्ने गराउने।
- ✓नगरसभा सञ्चालन, नगर कार्यपालिकाको निर्णय प्रक्रिया समावेशीकरण र अर्थपूर्ण सहभागिताका लागि आवश्यकता अनुसार ध्यानाकर्षण गराउने ।
- ✓प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने गराउने ।
- ✓नगरपालिकाको वित्तीय व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयनका सन्दर्भमा शहरी योजना आयोग, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई सहजिकरण, सहयोग तथा समन्वय गर्ने ।
- ✓न्यायिक समिति र अनुगमन समितिसँग समन्वय सहकार्य र सहयोग गर्ने
- ✓नगरपालिकाको नीति आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेटमा समन्वय गराई कार्यान्वयन गर्ने गराउने
- ✓प्रकोप व्यवस्थापन तथा महामारी नियन्त्रको योजना तर्जुमा गराई स्वीकृत योजना कार्यान्वयन गर्ने । परिस्थिति अनुसार प्रतिकार्यका कामहरु गर्ने गराउने ।
- ✓विपद् जोखिम न्यूनीकरणलाई नगरपालिकाको विकास निर्माण र सेवा व्यवस्थापनमा आन्तरिकीकरण गराउँदै लाने ।
- ✓नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई नीति, योजना, सहभागिता, निर्णय, कार्यक्रम र बजेटमा समाहित गर्ने ।
- ✓बजेट तयारी तथा विनियोजनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्देश गरेका अनुदान, राजस्व बाँडफाँड र ऋणका शर्तहरुको पालना गर्ने गराउने
- ✓नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको नीति, योजना कानुन, प्राथमिकता, मौलिक हकहरु कार्यान्वयन, बजेट र योजनामा दोहोरो नपर्ने गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने गराउने ।
- ✓कोष तथा आर्थिक कारोवारको हिसाव तथा अभिलेख चुस्त राख्न लगाउने, लेखापरीक्षण गराउने, वेरुजु फछ्र्यौट गर्ने गराउने र आय व्ययको विवरण त्रैमासिक र वार्षिक रुपमा सार्वजनिक गर्ने
- ✓नगरपालिकाको तर्फबाट दिनुपर्ने जवाफ, गुनासो व्यवस्थापन, गनुपर्ने प्रतिनिधित्व, प्रगति प्रतिवेदन लगायतका जवाफदेही निर्वाह गर्ने गराउने
- ✓नगरपालिकामा आर्थिक अनुशासन तथा आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने गराउने
- ✓नगरपालिकामा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेही पद्धति स्थापित गराई कार्यान्वयन गराउने
- ✓आयोजनाहरूको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने र बैठकको निर्णय बमोजिम कार्यान्वयन गर्ने गराउने
- ✓नगरपालिकाको चलअचल सम्पत्ति र सम्पदाको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने गराउने र सो को विवरण सार्वजनिक गर्ने गराउने

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

✓ नगरपालिकाभित्रको सार्वजनिक जग्गाको लागत तयार गराई सार्वजनिक गराउने
✓ न्यायिक समितिबाट भएको मेलमिलाप तथा न्याय सम्बन्धि मिसिल कानुन शाखामा संरक्षण सुनिश्चित गराउने ।
✓ अदालतहरुबाट भएका आदेश तथा फैसलाको कार्यान्वयन गर्ने गराउने
✓ नगरपालिकासँग सम्बन्धी जिज्ञासा र गुनासो व्यवस्थापन गराउने
✓ तोकिए बमोजिम सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजानिक लेखा परीक्षण गर्ने गराउने
✓ नगरपालिकाको प्रशासकीय प्रबन्ध, प्रशासनिक नेतृत्व, आन्तरिक नियन्त्रण, कार्य सहजीकरण, महाशाखा तथा शाखागत समन्वय र जनशक्ति परिचालन गर्ने गराउने
✓ आवश्यकता अनुसार विकास सर्भेक्षण, संगठन, संरचना, दरवन्दी व्यवस्थापन र पदपूर्ति प्रक्रिया अघि बढाउने ।
✓ नगरपालिकाको जनशक्ति विकास योजना तर्जुमा सम्बन्धमा शहरी योजना आयोगसँग गरी स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने
✓ नगरपालिकाका महाशाखा तथा शाखा प्रमुखहरुलाई कार्यविवरण र अधिकार प्रत्यायोजन गरी कार्यसम्पादन गराउने ।
✓ नगरपालिका र वडाहरुबीच कार्य विभाजन, तोकिएका कार्य जिम्मेवारी तत् तत् तहवाट पुरा गर्ने गराउने व्यवस्थापन मिलाउने ।
✓ नगरपालिकामा प्रशासन सुधार कार्यविधि सहजिकरण प्रविधिको प्रयोग, तालिम तथा क्षमता अभिवृद्धि योजना तर्जुमा, स्वीकृत र कार्यान्वयन
✓ नगरपालिकाका महाशाखा / शाखा प्रमुखहरु, अन्य कर्मचारीहरु र वडातहमा प्रत्यायोजित अधिकार प्रयोगमा सहयोग, समन्वय आन्तरिक नियन्त्रण तथा पदसोपान कायम गरी कार्य सम्पादन गराउने
✓ नगरपालिकाको प्रशासन व्यवस्थापन र सेवाप्रवाहलाई मितव्ययी, नतिजामूलक, दिगो र प्रभावकारी बनाउने । आयश्यकता अनुरुप महाशाखागत तथा वडागत आन्तरिक नियन्त्रण एवं जवाफदेही कार्यपद्धति अवलम्वन गर्ने गराउने ।
✓ नगरपालिकाका महाशाखा / शाखा र वडागत वार्षिक कार्यक्रम ताथा लक्ष्य निर्धारण गरी कार्यान्वयन गराई समीक्षा तथा अनुगमन गर्ने गराउने ।
✓ नगरपालिकामा आचारसंहिताको पालना र अनुशासन कायम गराउने, वित्तीय अनुशासन, नियन्त्रण तथा मितव्ययी कार्यपद्धति अवलम्बन गर्ने गराउन आवश्यक नीति, ऐन, नियम कार्यवधि तथा निर्देशिका स्वीकृत गराई कार्यान्वयनमा ल्याउने
✓ नगरपालिका तथा वडाहरुमा गुनासो व्यवस्थापन र नागरिक सरोकारको व्यवस्थापन गर्ने गराउने
✓ नगरपालिका तथा वडाहरुमा नागरिक वडापत्र र जनताप्रति जवाफदेही प्रणाली कार्यान्वयन गराउने
✓ वडाहरुले गरेका शिफारिसहरुको वडागत वार्षिक प्रतिवेदन बनाई सम्बन्धित वडाहरुमा र सबै वडाको एकीकृत प्रतिवेदन तयार गर्ने गराउने ।
✓ नियमित रूपमा शाखा, उपशाखा प्रमुख र वडा सचिवहरुसँग बैठक गर्ने

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

- ✓नगरपालिकामा कार्यसम्पादन सम्झौता गरी सोको मूल्याङ्कन तथा समीक्षा गरी उच्च कार्यसम्पादनका लागि प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न प्रयास गर्ने
- ✓खुला नगर सरकार, सूचनाको पहुँच र सूचनाको हक प्रचलन गराउने ।
- ✓ सार्वजनिक खरीद योजना (वार्षिक तथा गुरुयोजना) तयार गरी स्वीकृत गराई सो बमोजिम खरीद सम्बन्धी कार्य गर्ने गराउने ।
- ✓मालसामान, निर्माणकार्य तथा सेवाको विवरण तयार गराई सो सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन वा अन्य विवरण तयार गर्ने गराउने ।
- ✓उपभोक्ता समिति र लाभग्राहीको खरीद प्रणालीको उपयुक्तताबारे मूल्याङ्कन गराई फरफारक गराउने
- ✓राजस्व परामर्श समिति तथा इकाईको क्षमता वृद्धिमा सहयोग तथा समन्वय गर्ने गराउने
- ✓राजस्व सुधार कार्य योजना तर्जुमा गरी स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने
- ✓राजस्व सम्बन्धी नीति तर्जुमा संभाव्यता अध्ययन, प्रक्षेपण, राजस्व आधार वा निर्धारण र राजस्व संकलन दक्षता बढाई राजस्व सुधार कार्ययोजना समय सापेक्ष सुधार गर्ने गराउने
- ✓सेवाशुल्क पद्धति विकसित गरी सेवाको उत्पादन, वितरण र सेवा शुल्क संकलनलाई प्रभावकारी, दिगो सेवा तथा राजस्व आर्जनमा समन्वय गर्ने गराउने ।
- ✓कर तथा गैरकर राजस्वको वडाहरु र शाखा / महाशाखाबाट मासिक प्रगति प्रतिवेदन प्राप्त गरी लक्ष्य अनुसार राजस्व संकलन गराई सो को विवरण सार्वजनिक गर्ने । चौमासिक समीक्षा समेत गराउने
- ✓राजस्व बाँडफाँड प्राप्त गरी नगरपालिकाको संचित कोषमा दाखिला गराउने
- ✓सशर्त, समानीकरण (न्यूनतम सूत्रमा आधारित र कार्यसम्पादनमा आधारित) समपूरक र विशेष अनुदान प्राप्ति, उपयोग शर्तको पालना, नतिजा व्यवस्थापन र प्रतिवेदन गर्ने
- ✓संघ र प्रदेशका विषयगत मन्त्रालयबाट नियमित र पटकेरूपमा प्राप्त हुने योजना, कार्यक्रम बजेट लक्षित समुदाय / क्षेत्र कार्यक्रम कार्यान्वयन, सहजीकाण सहकार्य तथा प्रतिवेदन गर्ने गराउने ।
- ✓मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरुको कार्यान्वयन संघ र प्रदेशद्वारा सम्पादित र नगरपालिका स्वयंले सम्पादन गरे गराएका कार्यहरुको वार्षिक प्रतिवेदन तयार गराउने।
- ✓संघ र प्रदेश सरकारका नीति,योजना, कार्यक्रम, कानुन, मापदण्ड, कार्यविधि र प्राथमिकता को आधार मा समन्वय तथा कार्यान्वयन गराउने
- ✓संघर प्रदेश सरकारले बनाएका महानगरपालिका सम्बन्धी नीति, कानून, योजना, मापदण्ड परिपालना को समग्र प्रतिवेदन बनाई सार्वजनिक गर्ने गराउने
- ✓नेपाल सराकारले प्रतिवद्धता जाहेर गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धता (सहश्राब्दी विकास लक्ष्य वातावरण अनुकूलन आदि) का विषयहरुलाई स्थानीयकरण गर्ने गराउने
- ✓दातृ संघ संस्थाहरुसँग समन्वय र सहयोग परिचालन गर्ने
- ✓स्थानीय आर्थिक विकास का कार्यहरुको कार्यान्वयन र नतिजा व्यवस्थापन
- ✓सूचना प्रविधिको प्रयोगलाई सेवाप्रवाह तथा नगरपालिकाको विकास व्यवस्थापनमा समाहित गराउने
- ✓छिमेकी स्थानीय तहसँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापनका क्षेत्र पहिचान गरी विकास निर्माण र सेवाप्रवाहमा प्रभावकारिता ल्याउन प्रयास गर्ने ।

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

- ✓निजीक्षेत्र, गैरसरकारी संघ संस्था, उपभोक्ता समिति, सहकारी संघ संस्था लगायत सामाजिक तथा सामुदायिक संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।
- ✓शाखा तथा वडाहरुमा सञ्चार, समन्वय, निरीक्षण र नियमन गर्ने गराउने
- ✓जिन्सी निरीक्षण तथा सम्पत्तिका संरक्षण गर्ने गराउने ।
- ✓कानुन बमोजिम मुलुक बाहिरका नगरहरु तथा अन्य निकायसँग सम्पर्क र समन्वय गर्ने ।
- ✓नगरपालिकामा आउनुहुने विशिष्ट अतिथिहरुको स्वागत तथा व्यवस्थापन गर्ने गराउने
- ✓राष्ट्रिय, प्रादेशिक तथा स्थानीय दिवस सभासमारोह, अभियान तथा विविध कार्यक्रमहरुको समन्वय र सहजीकरण
- ✓नगरपालिकाको व्यवस्थापकीय तथा शासकीय सुधार गर्ने गराउने।
- ✓नगरसभा वा नगर कार्यपालिकाले प्रत्यायोजन गरेका तथा भैपरी आउने अन्य कार्यहरु गर्ने
- ✓संघीय सरकार र प्रदेश सरकारका तर्फबाट निक्षेपित, प्रत्यायोजित र पटके कार्य जिम्मेवारीहरु निर्वाह गर्ने गराउने र नियमित प्रतिवेदन गर्ने गराउने ।

## २. प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख

- ✓कर्मचारी प्रशासन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, र नियमन,
- ✓कर्मचारीको वृत्ति विकास तथा मानवसंसाधन विकासकालागि योजनातर्जुमा तथा कार्यान्वयन,
- ✓प्रशासन तथा सुशासन प्रवर्द्धनको लागि वार्षिक योजना तथा कार्यक्रम तर्जुमा,
- ✓नगरपालिकाको सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन,
- ✓स्वीकृत संगठन स्वरुप तथा कार्यविवरणको कार्यान्वयन,
- ✓कर्मचारी व्यवस्थापन (नियुक्ति, बढुवा, सरुवा, अनिवार्य अवकाश, स्वेच्छिक अवकाश,
- ✓कर्मचारीको पदस्थापन सरूवा तथा कामकाजमा खटाउने सम्बन्धी मापदण्ड तर्जुमा
- ✓कर्मचारी व्यवस्थापन सूचना प्रणाली संचालन,
- ✓कर्मचारीको कार्यविभाजन तथा कार्यविवरण तोक्ने,
- ✓कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन,
- ✓सेवाग्राहीहरुको गुनासो व्यवस्थापन,
- ✓कर्मचारीहरुको दण्ड तथा पुरस्कार सम्बन्धी आवश्यक कार्य,
- ✓नगरपालिकाको नगर कार्यपालिका तथा नगरसभाको बैठक व्यवस्थापन,
- ✓नगर कार्यपालिका तथा नगरसभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको
- ✓मस्यौदाहरुको संयोजन,
- ✓नीति, कानूनहरुको तर्जुमा तथा प्रमाणित प्रतिको संरक्षण, प्रकाशन र अभिलेखन,
- ✓नीति, कानून, मापदण्ड, निर्णयहरुको कार्यान्वयनमा सहयोग,
- ✓नगरसभा तथा कार्यपालिकाको निर्णयहरुको वेभ साइटमा प्रकाशन,
- ✓नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक उपकरण तथा सामग्री व्यवस्थापन,
- ✓जिन्सी सामानको भौतिक परीक्षण तथा निरीक्षण,

SHATABDI RESEARCH CENTRE PVT. LTD., KATHMANDU

✓उपाधि तथा विभूषण र पुरस्कार सम्बन्धी सिफारिश, अभिलेख,
✓सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
✓मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन,
✓नगरपालिकाले लागु गरेका मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,
✓नगरपालिका भित्रको जग्गा प्रशासन, नापजाँच, विवाद व्यवस्थापन,
✓नगरक्षेत्रका सार्वजनिजग्गा तथा सार्वजनिकसम्पत्तिहरुको अभिलेख, सुरक्षा तथा व्यवस्थापन,
✓नगरपालिकाको सम्पत्तिको अभिलेख व्यवस्थापन तथा रेखदेख,
✓विपद् व्यवस्थापन योजना तथा प्रतिकार्य रणनीति निर्माण र कार्यान्वयन,
✓वारुणयन्त्र परिचालनको लागि सुरक्षा निकायहरुसंग समन्वय,
✓संस्थागत विकास, प्रशासन तथा सुशासन समितिको सचिवालय सम्बन्धी कार्य,
✓संघीय तथा प्रदेश कानूनको अधीनमा रही नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति,
✓कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
✓नगर प्रहरीको कार्यको समन्वय, सहयोग तथा अनुगमन,
✓नगरपालिकाका अन्य शाखाहरुसँग नीतिगत तथा कार्यगत समन्वय,
✓अन्तर्गतका उपशाखा तथा इकाईहरुको कार्यमा समन्वय, सहयोग तथा अनुगमन ।
✓नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना, कार्यक्रम कार्यान्वयन,
✓नगर तथा नगरक्षेत्रको सर्वजनिक सम्पत्तिको सुरक्षा तथा संरक्षण,
✓नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापन,
✓स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापन तथा अनुगमन,
✓स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
✓विपद् व्यवस्थापनमा सहयोग,
✓वारुणयन्त्र संचालनमा आवश्यकता अनुसार सहयोग,
✓बजार तथा फूटपाथ व्यवस्थापन,
✓विना इजाजत निर्माण भएका भौतिक संरचनाहरुको स्थलगत निरीक्षण तथा कारवाही,
✓नगर सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन,
✓कार्यालय परिसर, सम्पदा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
✓नगरक्षेत्रमा सञ्चालित विकास निर्माण कार्यमा अवरोध भएमा समाधानको व्यवस्था,
✓कानूनले निषेध गरेका खाद्य पदार्थ वेचविखन नियन्त्रण,
✓अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,
✓सार्वजनिक तथा नीजि सम्पत्तिको संरक्षण तथा सुरक्षा सम्बन्धी कार्य
✓छाडा चौपाया नियन्त्रण,
✓अनधिकृत होर्डिङ बोर्ड तथा विज्ञापन हटाउने कार्य,
✓नगरक्षेत्रमा सामाजिक सरोकारका विषयमा सूचित गराउने कार्य,
✓नगरप्रहरीको तालिम तथा अनुशासन,

SHATABDI RESEARCH CONSULT PVT. LTD., KATHMANDU SRC

✓नगरक्षेत्रभित्र रहेको बेवारीशे तथा मृतक अवस्थामा रहेका जनावरहरु हटाउने व्यवस्था,
✓प्राकृतिक श्रोतको अनाधिकृत दोहोन नियन्त्रण
✓नगरसभा वा नगर कार्यपालिकाबाट निर्णय भए बमोजिमको कुनै आकष्मिक कार्य
✓नेपाल प्रहरी लगायत अन्य सुरक्षा निकायसँग समन्वय
✓जग्गा जमिन सम्बन्धमा नेपाल सरकारको नीतिगत निर्णय भए अनुसार कार्यान्वयन,
✓जग्गा जमीनको व्यवस्थापन सम्बन्धी स्थानीय नीति योजना तर्जुमा तथा कार्यान्वयन,
✓संघीय र प्रदेश कानून बमोजिम नगरपालिकामा अव्यवस्थित रुपमा बसोबास गर्दै आएका सुकुम्वासी पहिचान र अभिलेख,
✓सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धी आवश्यक नीति निर्माण तथा कार्यान्वयन,
✓नगरक्षेत्रका खानी सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
✓भूमिको लगत र जग्गाको कित्ताकाट र भूमि लगत (नक्शा, स्रेस्ता ( तथा घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,
✓घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत तयारी,
✓भूमिको वर्गीकरण अनुसारको लगत तयारी,
✓जग्गाको कित्ताकाट र भूमि लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण,
✓सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरण,
✓जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता,
✓जग्गा जमीन सम्बन्धमा पर्न आएका निवेदनहरु प्रचलित कानून वमोजिम कार्यान्वयन
✓नगरपालिको अन्य शाखा तथा वडाको प्रयोजनको लागि जग्गाको नापजाँच तथा प्रतिवेदन,
✓नगरपालिकाको स्वामित्वमा रहेको तथा नगरको रेखदेखमा रहेकाहरुको अभिलेख राख्ने,
✓नगरपालिका भित्रका सार्वजनिक सम्पत्तिहरुको संरक्षण,
✓वन, सीमसार क्षेत्र, ताल क्षेत्रका जग्गा तथा सम्पदाको लगत तथा संरक्षण,
✓जग्गाधनी एवम् मोहीबीच स्वामित्व सम्बन्धमा आवश्यक सिफारिस,
✓गुठीको सम्पत्ति संरक्षण, सम्वर्धन एवम् विकास गुठी संस्थानलाई सहयोग,
✓नगरक्षेत्रको भूउपयोग नीति, योजना र कार्यक्रम तर्जुमा कार्यमा सहयोग,
✓वस्ती विकासका लागि जग्गाको एकीकरण, जग्गा विकास र व्यवस्थापन कार्यमा सहयोग,
✓ढुङ्गा, गिट्टी, बालुवा, माटो, स्लेट जस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन अनुमति,
✓भौगर्भिक नक्सा तयारी,
✓नगरपालिकाको श्रोतनक्सा र भूउपयोग नक्साङ्कन सम्बन्धी कार्य
✓तोकिए बमोजिमका अन्य कार्य

२.१ प्रशासन उपशाखा प्रमुख
✓मानव संसाधन विकासका लागि योजना तर्जुमा तथा क्षमता विकास,
✓कर्मचारीको क्षमता विकास सम्बन्धी नीति योजना कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

- ✓समायोजन भई आउने कर्मचारीहरुको व्यवस्थापन,
- ✓स्थानीय सेवाको व्यवस्थापन तथा कर्मचारीको पदपुर्ति,
- ✓कर्मचारीहरुको पदस्थापन तथा सरुवा,
- ✓कर्मचारीलाई तालिम र अध्ययनमा काज खटाउने व्यवस्था,
- ✓नगरपालिकाका पदाधिकारीहरुको अभिलेख व्यवस्थापन,
- ✓कर्मचारी तथा जनप्रतिनिधिहरुको सम्पत्ति विवरण संकलन र संरक्षण,
- ✓नगरपालिकाको स्वीकृत दरबन्दी अनुरुप अभिलेख व्यवस्थापन,
- ✓कर्मचारीहरुको व्यक्तिगत अभिलेख तथा कर्मचारीको अभिलेख व्यवस्थापन,
- ✓कर्मचारीहरुको हाजिरी, विदा काज अभिलेख,
- ✓कर्मचारीको व्यवस्थापन तथा कर्मचारी सूचना प्रणाली )PIS) व्यवस्थापन,
- ✓कर्मचारीहरुको अनिवार्य अवकाश, स्वेच्छिक अवकाश,
- ✓कर्मचारीको कार्य विवरण तयारी,
- ✓नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन व्यवस्थापन,
- ✓नगरपालिकाका कर्मचारीहरुलाइ कार्यविवरण उपलब्ध गराइ कार्यान्वयन गर्ने, गराउने,
- ✓कर्मचारी सम्बन्धी गुनासाहरु संकलन गर्ने तथा अनुशासनको कारवाही अघि बढाउने,
- ✓कर्मचारीहरुको हाजिरी तथा कार्य सम्पादनको अनुगमन,
- ✓कर्मचारीहरुको दण्ड तथा पुरस्कार सम्बन्धी अभिलेख दुरुस्त राख्ने कार्य,
- ✓विभिन्न शाखा उपशाखाहरुसंग समन्वय गरी कार्यालयको काममा रोकावट नहुने गरी
- ✓कर्मचारी व्यवस्थापन गर्ने,
- ✓वडा कार्यालयका कर्मचारीहरुको अभिलेख व्यवस्थापन,
- ✓कर्मचारी प्रशासन सम्बन्धी विषयमा वडा तहसँगको सम्पर्क र समन्वय,
- ✓संस्थागत विकास तथा सुशासन समितिको काममा आवश्यक सहयोग ।
- ✓नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको दैनिक कार्य सञ्चालनको लागि
- ✓आवश्यक सामग्री तथा सुविधाको मापदण्ड तर्जुमा तथा कार्यान्वयन,
- ✓वडा सचिवहरुको समन्वय बैठक व्यवस्थापन,
- ✓वडा कार्यालयहरुको सम्पर्क शाखाको रुपमा गर्ने कार्य,
- ✓वडास्तरका योजना, कार्यक्रम, प्रगति विवरणहरु संकलन गरी शाखामा पठाउने कार्य।
- ✓नगर सभा तथा नगर कार्यपालिका बैठक व्यवस्थापन,
- ✓विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन,
- ✓विभिन्न सभा तथा समारोह व्यवस्थापन,
- ✓कार्यालयको व्यवस्थापन तथा कार्यालयको लागि आवश्यक स्थान भाडामा लिने कार्य,
- ✓नगरपालिकावाट हुने सिफारिश तथा प्रमाणीकरण,
- ✓वडावाट हुने सिफारिशका लागि फारामहरु उपलब्ध गराउने तथा आवश्यक सहयोग,
- ✓नगरपालिकाको तर्फवाट वडा कार्यालयहरुलाई गरिने परिपत्र गर्ने,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

✓वडाहरुको समन्वय बैठक व्यवस्था सम्बन्धी वडा तहसँगको सम्पर्क र समन्वय,
✓राष्ट्रिय तथा स्थानीय पर्व, सभा, समारोह, शिष्टाचार सम्बन्धी व्यवस्था,
✓स्थानीय चाडपर्व, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन,
✓सभा, सम्मेलन, गोष्ठीमा उपस्थितिका लागि वडाहरुसँगको समन्वय र सम्पर्क,
✓सामान्य पत्राचार तथा फलोअप
✓अन्तर्गतका इकाइहरुको कार्यको समन्वय, सहयोग तथा अनुगमन,
✓नियमित समान खरिद सम्बन्धी लगत तयार गरी खरिद प्रक्रिया शुरु गर्न प्रस्ताव तयारी,
✓सिधै खरिद गर्न सकिने स सना सामानहरु खरिद,
✓खरिद गरी प्राप्त भएका सामानको भण्डार दाखिला र भुक्तानीको लागि सिफारिस,
✓कार्यालयलाई प्राप्त भएका जिन्सी सामानहरुको दाखिला गरी सुरक्षित भण्डारण,
✓सभा, बैठकको लागि खाजा तथा अतिथि सत्कारको व्यवस्था,
✓वडाहरुमा पठाउने भौतिक सामाग्री निर्णयानुसार हस्तान्तरण,
✓जनप्रतिनिधि तथा कर्मचारीले कार्यसम्पादनको सिलसिलामा जिम्मा लिएका कम्प्युटर,
✓ल्यापटप, जि.पि.एस., गाडि, मोटर बाइक लगायतका खप्ने सामानको अभिलेख व्यवस्थापन,
✓कार्यालयका खप्ने सामानहरुको नम्वरिङ्ग गरी विवरण अद्यावधिक राख्ने,
✓वडा कार्यालयहरूलाई उपलब्ध गराईएको खप्ने सामानहरुको दुरुस्त अभिलेख,
✓जिन्सी निरीक्षण तथा भौतिक परीक्षण अनुसार जिन्सी सामानको लिलामी,
✓पूँजिगत सम्पत्ति भवन, गाडी, मेशिन र औजारको अद्यावधिक अभिलेख, परिचालन तथा मर्मत
✓नियमानुसार कागज धुल्याउने कार्य,
✓भण्डार सूचना प्रणालीको स्थापना तथा सञ्चालन,
✓स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन ।
✓प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई सम्वोधन गरी आएका चिठ्ठी पत्रहरु
✓सम्बन्धित सचिवालयमा वुझाउने,
✓कार्यालयमा आएका पत्रहरु दर्ता र सम्बन्धित शाखामा वुझाउने कार्य,
✓कार्यालयका पत्रहरु चलानी गरी सम्बन्धित निकायमा पठाउने,
✓नगरपालिकाबाट प्रवाह हुने सेवा सम्बन्धमा जानकारी गराउने,
✓अन्य कार्यालयहरुवाट आएको सूचना टाँस गर्ने र मुचुल्का तयार गरी पठाउने,
✓विभिन्न फाराम तथा सूचनाहरु वितरण,
✓आन्तरिक टेलिफोन संचालन,

## २.२ राजस्व उपशाखा प्रमुख

✓नगरपालिकाको राजस्व सम्बन्धी नीति ऐन, नियम, कार्यविधि, तर्जुमा, कार्यान्वयन,
✓राजस्वको सम्भाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपण,
✓आर्थिक ऐनको मस्यौदा तर्जुमा, कार्यान्वयन तथा नियमन,

✓राजस्व बजेट तर्जुमा सम्बन्धमा आवश्यक सहयोग,
✓करदाताको विवरण, अभिलेख तथा असुल हुन बाँकी करको विवरण अद्यावधिक राख्ने कार्य,
✓कर निर्धारणको सूचना सम्वन्धित करदातालाई दिने कार्य,
✓अचल सम्पत्ति जग्गा, भवन, मेशिन र बहाल विटौरी जग्गाको लगत राखी वार्षिक शुल्क
✓तथा भाडा असूली,
✓सम्पत्ति बहाल दिने सम्बन्धी कार्य तथा बहालको विवरण अद्यावधिक राख्ने कार्य,
✓राजस्व चुहावट नियन्त्रण,
✓कर, गैरकर र अन्य राजस्वहरु दैनिक रुपमा संकलनको व्यवस्था,
✓कर राजस्व र अन्य राजस्व दैनिक आम्दानी बुझ्ने तथा अभिलेख,
✓राजस्वको प्रगति प्रतिवेदन तयारी,
✓राजस्व र धरौटी सम्बन्धी रसिद नियन्त्रण,
✓ढुंगा, गिट्टी, वालुवा, माटो, स्लेट जस्ता खानी जन्य पदार्थको विक्री,
✓वडा तहवाट राजस्व संकलनमा मार्गदर्शन उपलब्ध गराउने तथा अनुगमन,
✓आय ठेक्का व्यवस्थापन,
✓आय ठेक्का मार्फत राजस्व संकलन कार्यको अनुगमन तथा सम्झौताको वर्खिलाप भएमा
✓कारवाही,
✓राजस्वका लागि नयाँ नयाँ क्षेत्रहरुको पहिचान र अध्ययन तथा सिफारिस,
✓राजस्व सम्बन्धी जनचेतना, प्रचार प्रसार तथा करदाता प्रोत्साहन,
✓राजस्वका बाँकी बक्यौता रकमको लगत र असुल उपर,
✓कानून बमोजिम भएको राजस्व संकलन भएको नपाईएमा दण्ड जरिवाना निर्धारण तथा
✓असुली,
✓राजस्व संकलनमा सूचना प्रविधिको प्रयोग तथा विस्तार,
✓राजस्व सम्बन्धी नीति ऐन, नियम, कार्यविधि, तर्जुमा, कार्यान्वयन तथा परिमार्जन,
✓राजस्वको सम्भाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपण,
✓आर्थिक ऐनको मस्यौदा तर्जुमा, कार्यान्वयन तथा नियमन,
✓राजस्व बजेट तर्जुमा सम्बन्धमा आवश्यक सहयोग,
✓करदाताको विवरण, अभिलेख तथा असुल हुन बाँकी करको विवरण अद्यावधिक राख्ने कार्य,
✓कर निर्धारणको सूचना सम्वन्धित करदातालाई दिने कार्य,
✓अचल सम्पत्ति जग्गा, भवन, मेशिन र बहाल विटौरी जग्गाको लगत राखी वार्षिक शुल्क
✓तथा भाडा असूली,
✓सम्पत्ति बहाल दिने सम्बन्धी प्रशासनिक कार्य तथा बहालको विवरण अद्यावधिक राख्ने
✓कार्य,
✓राजस्व चुहावट नियन्त्रण,
✓कर, गैरकर र अन्य राजस्वहरु दैनिक रुपमा संकलनको व्यवस्था,

✓कर राजस्व र अन्य राजस्व दैनिक आम्दानी बुझ्ने तथा अभिलेख,

✓राजस्वको प्रगति प्रतिवेदन तयारी,

✓राजस्व र धरौटी सम्बन्धी रसिद नियन्त्रण,

✓ढुंगा, गिट्टी, वालुवा, माटो, स्लेट जस्ता खानी जन्य पदार्थको विक्री,

✓वडा तहवाट राजस्व संकलनमा मार्गदर्शन उपलब्ध गराउने तथा अनुगमन,

✓आय ठेक्का व्यवस्थापन,

✓आय ठेक्का मार्फत राजस्व संकलन कार्यको अनुगमन तथा सम्झौताको वर्खिलाप भएमा

✓कारवाही,

✓राजस्वका लागि नयाँ नयाँ क्षेत्रहरुको पहिचान र अध्ययन तथा सिफारिस,

✓राजस्व सम्बन्धी जनचेतना, प्रचार प्रसार तथा करदाता प्रोत्साहन,

✓राजस्वका बाँकी बक्यौता रकमको लगत र असुल उपर,

✓कानून बमोजिम भएको राजस्व संकलन भएको नपाईएमा दण्ड जरिवाना निर्धारण तथा

✓असुली,

✓राजस्व संकलनमा सूचना प्रविधिको प्रयोग तथा विस्तार,

✓राजस्व परामर्श समितिको सचिवालय सम्वन्धी कार्य,

## २.३ योजना तथा अनुगमन उपशाखा प्रमुख

✓नगरपालिकाको समग्र समृद्धिका लागि मार्गचित्र, दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, नीति, रणनीति तथा योजना तर्जुमा गर्ने,

✓आवधिक योजना तर्जुमा गर्ने

✓बार्षिक नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने

✓नगरपालिकाको विकासको सम्भावना र अवसरलाई वृहत्तर अध्ययन, अनुसन्धान गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सहरी योजनाको तर्जुमा गर्ने,

✓नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने,

✓आयोजना तथा कार्यक्रमहरुको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन गर्ने,

✓सम्भाव्य प्राकृतिक स्रोत तथा साधनहरुको पहिचान, अभिलेख व्यवस्थापन तथा उपयोगसम्बन्धी योजना तथा रणनीति तयार गर्ने,

✓सहरी विकास, भू-उपयोग, बस्ती विकास, भवन संरचना जस्ता भौतिक पूर्वाधार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी-गराई मापदण्ड तयार गर्ने,

✓सार्वजनिक सम्पत्तिको संरक्षण सम्बर्धन गर्ने योजना तथा नीति तर्जुमा गर्ने,

SHATABDI RESEARCH CENTER PVT. LTD. KATHMANDU SRC

- ✓ सहभागितामूलक व्यवस्थापन, उपभोक्ता समिति, सार्वजनिक निजी साझेदारी, निजी लगानी जस्ता विकासका नवीनतम् अवधारणाहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी नगरपालिकाको नीति तथा योजनामा आवद्ध गर्ने,
- ✓ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेसहारा जस्ता व्यक्तिहरुको हीत तथा सहज जीवनका लागि आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,
- ✓ सूचना तथा सञ्चार र प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गर्ने,
- ✓ वडाहरुको सन्तुलित तथा दिगो विकासको लागि आवश्यक सहरी विकास नीति र रणनीति तर्जुमा गर्ने,
- ✓ शिक्षा, स्वास्थ्य, वातावरण, वित्त तथा सहकारी, कृषि, अन्तर्राष्ट्रिय सम्बन्ध, विपद् व्यवस्थापन लगायतका विषयमा आवश्यक रणनीति तथा योजना तर्जुमा गर्ने गराउने,
- ✓ नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने,
- ✓ नगरपालिका क्षेत्रभित्रका सम्पदा कला भाषा प्रविधि तथा संस्कृतिको संरक्षण एवं प्रवर्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,
- ✓ नगरपालिकाले सञ्चालन गर्ने आयोजना, परियोजनाहरुको संरचनागत प्रारुप तयार गर्ने गराउने,
- ✓ नगरपालिकाले स्वीकृत गरी लागु गरेका नीति, योजना तथा कार्यक्रमको अनुगमन गर्ने,
- ✓ परियोजना बैंक निर्माण गरी अद्यावधिक गर्ने।
- ✓ राजश्व तथा आम्दानीका श्रोत पहिचान, संभाव्यता अध्ययन गरी आवश्यक नीति तर्जुमा गर्ने,
- ✓ नगरपालिकाको समग्र विकाससँग सम्बन्धित विभिन्न सरकारी, निजी तथा गैरसरकारी सङ्घ संस्थाहरुसँग समन्वय गरी सम्भावित सहकार्यका क्षेत्रहरु पहिचान गर्ने,
- ✓ नगरपालिकाको विकास तथा योजनासँग सम्बन्धित विषयमा विभिन्न सभा, सम्मेलन, गोष्ठी, कार्यशाला तथा अभिमुखिकरण सञ्चालन गर्ने,
- ✓ राष्ट्रिय योजना आयोग, मधेश प्रदेशको नीति तथा योजना आयोग र अन्य स्थानीय तहसँग सहकार्य, साझेदारी र समन्वय गर्ने,
- ✓ नगरपालिकाको राष्ट्रिय तथा अन्तरराष्ट्रिय गौरव एवं प्रतिष्ठा अभिवृद्धि गर्न विविध कार्यक्रम तथा विशिष्ट परियोजना तर्जुमा गर्ने,
- ✓ उद्यमशीलता विकास तथा रोजगार प्रवर्धन सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने
- ✓ नगरपालिकाको बार्षिक नीति कार्यक्रम तर्जुमा कार्यान्वयन अनुगमन तथा मुल्याङकन,
- ✓ विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन,
- ✓ सार्वजनिक खरिद नियम तथा कार्यविधि, भवन निर्माण मापदण्ड, सार्वजनिक निर्माण मापदण्ड, भू उपयोग तथा जग्गा विकास योजना कार्यान्वयन कार्यविधि तर्जुमा, कार्यान्वयन,
- ✓ विद्युतीय शासन प्रणालीको लागि नीति, विकास तथा गुणस्तरको सुनिश्चितता,
- ✓ आवधिक तथा दीर्घकालीन विकास योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन,
- ✓ आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

- ✓नगरपालिकाका विकासका प्राथमिकताका क्षेत्र पहिचान तथा आयोजना छनौटका मापदण्ड,
- ✓निकायगत वडागत तथा शाखागत बजेट सिलिङ्ग निर्धारण,
- ✓बार्षिक योजना तथा कार्यक्रम तथा कार्यान्वयन योजना (बार्षिक विकास कार्यक्रम) तर्जुमा,
- ✓विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रम तर्जुमा,
- ✓संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
- ✓विकास योजनाको अनुगमन तथा मूल्यांकनको सूचक, आधार तथा प्रक्रिया निर्धारण,
- ✓विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,
- ✓नगरको कार्य सञ्चालनमा सूचना प्रविधिको विस्तार तथा गुणस्तर सुधार,
- ✓तथ्यांक तथा सूचनाहरु संकलन तथा प्रकाशन,
- ✓वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनमा वडा कार्यालयसंग समन्वय,
- ✓नगरपालिकाको भौगोलिक सूचना प्रणाली अद्यावधिकरण,
- ✓बजेट तया कार्यक्रम तर्जुमा समितिको सचिवालयको कार्य,
- ✓नगरपालिकाका अन्य शाखाहरुसँग नीतिगत तथा कार्यगत समन्वय
- ✓अन्तर्गतका उपशाखाहरुको कार्यको समन्वय, सहयोग तथा अनुगमन,
- ✓विकास आयोजना तर्जुमा र कार्यान्वयन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन,
- ✓नगरको विकासको लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा,
- ✓वार्षिक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्वन र सो व्यवस्थापन,
- ✓वार्षिक योजना तर्जुमाका लागि वडालाई सिलिङ्ग तथा योजना तर्जुमा सम्बन्धी मार्गदर्शन,
- ✓नगरमा सञ्चालित गैर सरकारी संस्था तथा अन्य संघसंस्थाहरुवाट योजना संकलन,
- ✓वार्षिक योजना तर्जुमा क्रममा नगरपालिकाका शाखाहरु तथा वडा कार्यालयहरुवाट छनोट भएका योजनाहरु संकलन तथा विश्लेषण,
- ✓वार्षिक योजना तर्जुमाका सहयोग तथा वार्षिक विकास कार्यक्रम तयारी,
- ✓आयोजनाहरुको सामाजिक तथा वातावरणीय प्रभाव मूल्यांकनको आवश्यकता पहिचान,
- ✓योजना कार्यान्वयन तथा खरिद प्रक्रियाको लागि आवश्यक कागजात तयारी,
- ✓उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको योजना सम्झौता,
- ✓नगरपालिवाट संचालित आयोजनाहरूको अभिलेख व्यवस्थापन,
- ✓संझौता भएका योजनाहरुको फाईल खडा गर्ने तथा विलहरु भुक्तानीको लागि सिफारिश,
- ✓उपभोक्ता समितिहरुको क्षमता विकास,
- ✓विकास आयोजनाको अनुगमन, प्रगति समीक्षा र मूल्यांकन,
- ✓आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
- ✓वार्षिक विकास आयोजनाको अनुगमन, प्रगति समीक्षाको तयारी र व्यवस्थापन,
- ✓आवधिक योजनाको अनुगमन तथा मूल्यांकन,
- ✓वडावाट सञ्चालित योजनाहरुको प्रतिवेदन संकलन तथा अभिलेख,
- ✓योजनाको सार्वजनिक तथा सामाजिक परीक्षण,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

- ✓सम्पन्न भएका, चालू योजना तथा भुक्तानी दिन बाँकी योजनाहरुको विवरण तयारी,
- ✓ठेक्काको घरौटी तथा वण्ड नवीकरण तथा फुकुवा,
- ✓योजनासंग सम्वन्धित दस्तावेजहरु सुरक्षित राख्ने तथा लेखा परीक्षण गराउने कार्य,
- ✓योजनाहरुको प्रगति विवरण तयारी तथा सम्वन्धित निकायमा पठाउने कार्य,
- ✓सूचना प्रविधिमा आधारित योजना अभिलेख तथा तथ्याङ्क व्यवस्थापन,
- ✓प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय,
- ✓"घ "वर्गको निर्माण व्यवसाय सञ्चालन इजाजत,
- ✓अनुगमन समितिको सचिवालयको कार्य,
- ✓स्वीकृत योजनाहरु कार्यान्वयनको लागि खरिद गुरु योजना तथा खरिद योजना तयारी,
- ✓सार्वजनिक खरिद कार्यको लागि आपूर्तिकर्ताको सूची (सप्लायरको रोष्टर अद्यावधिक गर्ने,
- ✓खरिदको लागि प्राप्त लागत अनुमान, प्रस्ताव, स्पेसीफिकेशनहरुको चेक जाँच,
- ✓खरिद योजना अनुसार सेवा, वस्तु तथा निर्माण कार्य खरिद प्रकृया सम्बन्धी सम्पूर्ण कार्य,
- ✓खरिद कार्यको अभिलेख तथा खरिद योजना अद्यावधिक,
- ✓सार्वजनिक खरिद कार्यको लागि सवै शाखासंग सम्पर्क, समन्वय तथा राय प्रदान,
- ✓सार्वजनिक निजी साझेदारी प्रक्रिया अनुसार प्रस्ताव संकलन तथा मूल्यांकन,
- ✓विद्युतीय खरिद प्रणाली सम्बन्धी कार्य
- ✓वोलपत्र पूर्वयोग्यता खरिद सम्झौता र प्रस्तावलाई सारवजनिक खरिद स्टयाण्डर्ड कागजात तयार गर्ने गराउने कार्य
- ✓खरिद कार्यको लेखापरीक्षण,
- ✓विद्युतीय खरिद प्रणाली सञ्चालन,
- ✓मूल्यांकन समिति सम्वन्धी कार्य,
- ✓वोलपत्र दरभाउपत्र मुल्याङकन समितिको काम गर्ने

२.४ कानून उपशाखा प्रमुख

- ✓नगरकार्यपालिका तथा नगरसभामा पेश गर्नुपर्ने नीति, नियम तथा कानूनको मस्यौदाहरुलाई
- ✓अन्तिम रुप दिने कार्य,
- ✓नगरपालिकाको लागि आवश्यक विधेयक, नियमावली, कार्यविधिको मस्यौदा,
- ✓स्थानीय राजपत्रमा प्रकाशन गरिनु पर्ने ऐन, नियम, कार्यविधि तथा सूचनाहरुमा कानूनी राय
- ✓प्रदान गर्ने कार्य,
- ✓राजपत्रमा प्रकाशन गर्नु पूर्व कानूनी दस्तावेजको शुद्धता तथा गुणस्तर नियन्त्रण,
- ✓नगरसभा वा कार्यपालिकाबाट पारित नीति तथा कानूनको प्रमाणित प्रतिको संरक्षण, स्थानीय राजपत्रमा प्रकाशन तथा अभिलेख,
- ✓मेलमिलाप केन्द्र, इजलास कक्षको सञ्चालन र व्यवस्थापन,
- ✓नगरपालिकामा न्यायिक निर्णय तथा फैसला कार्यान्वयन,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

✓ व्यक्ति र समुदाय बिच मेलमिलाप र मध्यस्थताको व्यवस्थापन तथा निर्णय कार्यान्वयन,
✓ मानव अधिकारको संरक्षण तथा प्रवद्र्धन,
✓ नगरपालिका शाखा र वडा कार्यालयहरूलाई कानूनी राय, परामर्श उपलब्ध गराउने,
✓ नगरपालिका विरुद्ध परेका रिट, निवेदन र पुनरावेदन,
✓ नगरपालिकाको तर्फबाट फिराद्पत्र, प्रतिउत्तरपत्र, रिट निवेदन, लिखित जवाफ, पुनरावेदनपत्र
✓ तयार गरी सम्बन्धित निकायमा पठाउने कार्य,
✓ नगरपालिका पक्ष हुने सम्झौता, करार, समझदारीपत्रका विषयमा राय उपलब्ध गराउने,
✓ कानूनहरुको संग्रह तथा आवश्यकता अनुसार सम्वन्धित पक्षलाई जानकारी गराउने कार्य
✓ उपभोक्ता हित सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धी कार्य,
✓ न्यायिक समितिको सचिवालयको कार्य,
✓ विधायन समितिको सचिवालयको कार्य,

## २.५ सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई प्रमुख

✓ सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमन,
✓ प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, वसाइसराइ, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री ( व्यवस्था मिलाउने कार्य,
✓ नेपाल सरकारबाट प्राप्त हुने पञ्जिकरण सम्बन्धी नीति निर्णय निर्देशन अनुसार गरिने कार्य
✓ घटना दर्ताबाट प्राप्त राजश्वको अभिलेख राख्ने कार्य
✓ पञ्जिकरण सम्बन्धी समस्या समाधानमा सहयोग तथा सहजिकरण
✓ सरोकारवालाले व्यक्तिगत घटना सम्बन्धी आफ्नो विवरण माग गरेमा नियमानुसार उपलव्ध गराउने कार्य
✓ व्यक्तिगत घटना विवरण फरक परेमा जाँचवुझ गरी नियमानुसार सच्याउने वा सिफारिस
✓ व्यक्तिगत घटना सम्बन्धी अभिलेख व्यवस्थापन तथा प्रतिवेदन,
✓ पञ्जिकरण सम्वन्धी कार्यक्रमहरु कार्यान्वयनको लागि राष्ट्रीय परिचयपत्र तथा पञ्जिकरण विभाग लगायतका निकायसँग सम्पर्क, समन्वय र सहकार्य ।
✓ इकाईमा कार्यरत कर्मचारीहरूको सुपरिवेक्षण सम्बन्धी कार्य
✓ नगरपालिकाका नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,

## ३. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन प्रमुख

✓ नगरपालिकाले प्रदान गर्ने सेवामा सूचना प्रविधिको उपयोग सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
✓ नगरपालिकाको कार्यसम्पादनका लागि आवश्यकता अनुसार सफ्टवयरहरुको विकास, स्थापना, मर्मत तथा सञ्चालन,

SHATABDI RESEARCH CENTER PVT. LTD. KATHMANDU SRC

- ✓केन्द्रीकृत डाटा सेन्टरको स्थापना, नेटवर्किङ्ग, अनलाइन सेवा तथा सोको संचालन तथा मर्मत सम्भार,
- ✓नगरपालिकाको वेबसाइट सञ्चालन तथा मर्मत सम्भार,
- ✓सूचना प्रविधिका सामग्रीहरु खरिदको लागि स्पेसिफिकेशन तयार गर्ने तथा खरिद भै आएका सामग्रीहरु चेक जाँच तथा स्थापना,
- ✓सूचना प्रविधिका उपकरणहरु मर्मत सम्भार,
- ✓सफ्टवयरहरुको गुणस्तर परीक्षण तथा सुधार,
- ✓वडाहरुमा सफ्टवयर सञ्चालनको लागि तालिम तथा प्राविधिक सहयोग,
- ✓नगरपालिकाका अन्य शाखा तथा वडाहरुमा सञ्चालित सूचना प्रविधि उपकरण तथा सफ्टवयरहरुको मर्मत सम्भार,
- ✓सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन,
- ✓डिजिटल डिस्प्ले तथा सिसि टिभि जडान तथा सञ्चालन,
- ✓सहज प्रविधको विकास गरी सूचना प्रविधिको विकास र विस्तार,
- ✓अभिलेख व्वस्थापन कार्यमा समन्वय तथा सहयोग,
- ✓तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- ✓नगरपालिकाको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, बेरोजगार, रोजगारीको अवस्था,
- ✓नगरपालिकाको जिआईएस सूचना प्रणाली तयारी तथा अद्यावधिक,
- ✓घर नम्वर सूचना प्रणालीको स्थापना,
- ✓आफ्नो नगरपालिका क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,
- ✓आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन,
- ✓नगरपालिकाको राजपत्र तथा अन्य प्रकाशनहरुको छपाई तथा वितरण,
- ✓नगरपालिकाको अभिलेख व्यवस्थापन कार्यक्रम तर्जुमा तथा कार्यान्वयन
- ✓नगरपालिका क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन,
- ✓नगरपालिकाको राजपत्र तथा अन्य प्रकाशनहरुको छपाई तथा वितरण,
- ✓नगरसभा नगरकार्यपालिका तथा वडास्तरवाट पारित निर्णयहरु संकलन तथा संरक्षण,
- ✓नगरपालिका महत्वपूर्ण पुराना दस्तावेजहरु (सभा, परिषद तथा कार्यपालिकाका माईन्यूटहरु, नगरपालिकाले गरेका संझौताहरु, मुद्दामामिला, बजेट तथा कार्यक्रमको अभिलेख राख्ने,
- ✓नगरपालिकावाट एफ.एम., टेलिभिजन तथा पत्रपत्रिकाहरु मार्फत प्रसारित तथा प्रकाशित सूचना तथा जानकारीहरुको अद्यावधिक अभिलेख राख्ने,
- ✓नगरपालिकासंग सम्वन्धित प्रकाशित समाचार तथा सूचनाहरुको संकलन तथा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य सम्वन्धितलाई जानकारी गराउने कार्य,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

✓अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,

✓प्रदेश तथा संघसँग नगरपालिकासँग सम्वन्धित सूचना आदान प्रदान र समन्वय,

✓विभिन्न अड्डा अदालतबाट माग भएका कागजातहरूको तायदाती भरी अभिलेख राखी अभिलेख तथा विवरण उपलब्ध गराउने कार्य,

✓प्रचलित कानून बमोजिम धुल्याउन मिल्ने र नमिल्ने कागजातहरू बर्गिकरण गरी धुल्याउन मिल्ने कागजात नियमानुसार धुल्याउने कार्य,

✓विभिन्न शाखा मातहतका कर्मचारी जिम्मा रहेका अभिलेख रजिष्टर फाइल प्रतिवेदन तथा अन्य सम्पत्तिहरूको हिनामिना हुन नदिने व्यवस्था मिलाउने कार्य ।

✓कर्मचारी सरुवा वा सेबाबाट अलग हुँदा निजको जिम्मा रहेका अभिलेखहरू बरबुझारथ गर्ने गराउने व्यवस्था मिलाउने कार्य,

✓नगरपालिकाको सूचना अधिकारीलाई आवश्यकता अनुसार सहयोग गर्ने कार्य ।

## ४. पूर्वाधार विकास शाखा प्रमुख

✓नगरपालिकाले अबलम्बन गर्ने पूर्वाधार विकास सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन,

✓शहरी पूर्वाधार विकास सम्बन्धी आवधिक, वार्षिक रणनीतिक योजना तर्जुमा,

✓भौतिक विकास योजना, नगर यातायात गुरुयोजना तर्जुमा र कार्यान्वयन,

✓नवीकरणीय तथा वैकल्पिक ऊर्जा सम्बन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना,

✓शहरी सडक, कृषि सडक तथा यातायात सम्बन्धी गुरु योजना तथा मापदण्ड,

✓सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा तथा कार्यान्वयन,

✓आयोजनाहरुको सर्वेक्षण, पूर्व संभाव्यता र संभाव्यता अध्ययन,

✓यातायात, सडक, आवास, भवन, वातावरण तथा फोहोरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाई, खानेपानी, ढल व्यवस्थापन, सिंचाई, नदी नियन्त्रण, विद्युतीकरण सम्बन्धी निर्माण कार्यको सर्वेक्षण, डिजाईन तथा लागत अनुमान,

✓निर्माण कार्यको लागि आवश्यकता अनुसार प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन, सामाजिक प्रभाव मूल्यांकन र विपद अनुकुलन मूल्यांकन,

✓सर्वाजनिक निर्माण कार्यहरुको सञ्चालन, परिचालन, सुपरिवेक्षण, मूल्यांकन तथा फरफारक,

✓फोहर व्यवस्थापनका लागि ल्याण्डफिल साइटको पहिचान तथा विकास,

✓मेसीनरी तथा सवारी साधनहरुको परिचालन तथा मर्मत सम्भार,

✓पूर्वाधार विकाससम्बन्धी कार्यहरुमा आवश्यक प्राविधिक राय परामर्श, सल्लाह र सहयोग,

✓पूर्वाधार योजना तर्जुमा तथा कार्यान्वयनमा संघ तथा प्रदेश सरकारसंग समन्वय,

✓पूर्वाधार विकाससंग सम्वन्धित परियोजनाहरु तर्जुमामा दातृ निकायहरुसंग समन्वय,

✓वडाहरुको पूर्वाधार योजना तर्जुमा तथा कार्यान्वयनमा समन्वय तथा सहयोग,

✓पूर्वाधार विकास समितिको सचिवालय सम्बन्धी कार्य,

✓नगरपालिकाका अन्य शाखाहरुसँग नीतिगत तथा कार्यगत समन्वय,

SHATABDI RESEARCH CENTER PVT. LTD. KATHMANDU SRC

✓अन्तर्गतका उपशाखाहरुको कार्यको समन्वय, सहयोग तथा अनुगमन,
✓पूर्वाधार गुणस्तर नियन्त्रण सम्वन्धी नीति योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन,
✓पुर्वाधार गुणस्तर सम्बन्धी प्रयोगशाला स्थापना सञ्चालन तथा व्यवस्थापन
✓पुर्वाधार गुणस्तर परिक्षणको लागि नमूना संकलन परिक्षण तथा प्रतिवेदन सम्बन्धी कार्य
✓परिक्षण प्रतिवेदनको आधारमा प्राविधिक राय सुझाव तथा सिफारिस सम्बन्धी कार्य
✓पुर्वाधार सम्बन्धी आयोजनाहरूको नियमित आकष्मिक निरिक्षण अनुगमन तथा नमूना
✓संकलन र परिक्षण सम्बन्धी कार्य
✓गुणस्तर सम्बन्धी मापदण्ड निर्धारण
✓गुणस्तर सम्बन्धी यन्त्र उपकरण साधनको स्पेसिफिकेशन सम्बन्धी कार्य
✓पुर्वाधार गुणस्तर नियन्त्रण सम्बन्धी जनशक्तिको क्षमता विकास
✓पुर्वाधार सम्बन्धी आयोजनाको डिजाइन लागत अनुमान तथा सेवा खरिद सम्बन्धमा राय
✓विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गर्ने

## ४.१ सडक सिंचाइ तथा अन्य पुर्वाधार उपशाखा प्रमुख

✓ शहरी सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात, सिंचाइ तथा अन्य पुर्वाधार सम्बन्धी नीति, कानून, मापदण्ड,
✓शहरी सडक नक्सांकन तथा सडक अधिकार क्षेत्र निर्धारणमा सहयोग,
✓शहरी सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी योजनाको तर्जुमा, कार्यान्वयन,
✓सडक निर्माण तथा स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत सम्भार,
✓सडक सुरक्षा तथा ट्राफिक लाइट व्यवस्थापन र नियमन,
✓सडक निर्माणसंग सम्वन्धित मेसीनहरुको परिचालन,
✓शहरी सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,
✓शहरी सार्वजनिक यातायात प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन,
✓वस पार्क, वस स्टेसनहरुको योजना तर्जुमा तथा कार्यान्वयन,
✓सडक वत्ती तथा सार्वजनिक स्थलहरुमा विद्युतिकरण,
✓विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,
✓वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणाली,
✓सडक तथा यातायात योजनाहरुको प्राविधिक सुपरिवेक्षण, अनुगमन तथा गुणस्तर परीक्षण, प्राविधिक परीक्षण, रनिङ्ग तथा अन्तिम विल भुक्तानी सिफारिश र फरफारक,
✓सडक तथा पुल सम्बन्धी योजना तर्जुमा, कार्यान्वयनमा वडा कार्यालयलाई सहयोग,
✓स्थानीय खानेपानी, सिंचाई, सरसफाई, ढल निकास सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
✓ताल पोखरी संरक्षण सम्बन्धी, नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा तथा कार्यान्वयन,

SHATABDI RESEARCH CENTER PVT. LTD., KATHMANDU SRC

- ✓नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा सम्वन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- ✓स्थानीय खानेपानी योजनाहरुको तर्जुमा तथा कार्यान्वयन,
- ✓शहरी ढल निकास प्रणालीको विकास तथा सञ्चालन,
- ✓ताल तथा जलाधारहरुको संरक्षण,
- ✓स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार,
- ✓जलउत्पन्न प्रकोप नियन्त्रण,
- ✓नाला मर्मत, ढल व्यवस्थापनको लागि आवश्यक कार्य,
- ✓सरसफाई सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,
- ✓नदी अधिकार क्षेत्र, तटबन्ध, नदी नियन्त्रण तथा व्यवस्थापन,
- ✓खानेपानी सुरक्षा, आपुर्ति व्यवस्थापन, महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,
- ✓खानेपानी, सिंचाई, ढल निकास तथा ताल संरक्षण योजनाहरुको सुपरिवेक्षण, अनुगमन तथा गुणस्तर परीक्षण, प्राविधिक परीक्षण, रनिङ्ग तथा अन्तिम विल भुक्तानी सिफारिश र फरफारक,
- ✓खानेपानी तथा सिंचाई योजना तर्जुमा, कार्यान्वयन तथा फरफारकमा सहयोग,
- ✓खानेपानी तथा स्वच्छता सम्बन्धी स्थानीय समन्वय समितिको सचिवालयको कार्य ।
- ✓नगरपालिका अन्तर्गतका मेसीन, सवारी साधन तथा उपकरणहरुको लगत तयारी,
- ✓मेसीन तथा सवारी साधनहरुको मर्मत सम्भार योजना तथा सेड्युल तयार बजेट अनुमान,
- ✓गाडी तथा मेशिन संचालनका लागि कार्यविधि तयारी,
- ✓मेसीन तथा सवारी साधनहरुको नियमित चेक जाँच तथा मर्मत सम्भार,
- ✓मेसीन तथा सवारी साधन खरिद गर्नुपर्ने भएमा स्पेसिफिकेसन तयारी,
- ✓सवारी चालकहरुको परिचालन, कार्य अनुगमन तथा कार्य प्रमाणित,
- ✓सवारी साधनहरुलाई इन्धन उपलब्ध गराउने तथा लगबुक व्यवस्थापन,
- ✓मेसीन तथा सवारी साधनहरु लिलाम गर्नुपर्ने भएमा लिलामीको लागि सिफारिश,
- ✓मेसीन तथा सवारी साधन भाडामा दिने भएमा राजस्व असुली तथा कार्यको अनुगमन।

**४.२ शहरी विकास, घर नक्सा तथा वस्ती विकास उपशाखा प्रमुख**

- ✓शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा,
- ✓भवन निर्माण सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा र नियमन,
- ✓नगरपालिका क्षेत्रको व्यवस्थित शहरी विकासको लागि क्षेत्रहरुको विभाजन (जोनिङ्ग),
- ✓आवास तथा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयन,
- ✓योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन,
- ✓एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास योजना तर्जुमा,
